# अध्याय एक

# परिचय

## १.१ पृष्ठभूमि

नेपाल एक गाउँ नै गाउँले भरिएको राष्ट्र हो । राष्ट्रिय जनगणना,२०६८ का अनुसार नेपालमा ८२.९३ प्रतिशत जनसंख्या गाउँमा बसोबास गर्दछन् । हाल नेपालमा ३१५७ वटा गाउँ विकास समिति रहेका छन् र हजारौंको संख्यामा गाउँहरु रहेका छन् (केन्द्रिय तथ्यांक विभाग, २०६८) । गाउँको समाज अर्थात् ग्रामिण समाज तुलनात्मक रुपमा दुर्गम हुने तथा शिक्षा, स्वास्थ्य, रोजगारी, यातायात जस्ता भौतिक पूर्वाधारमा शहरी समाजभन्दा पछाडि हुन्छ । त्यहाँका बासिन्दाहरुले समय र परिस्थिति अनुसार अनुकुलन हुने गरी आफ्नो जीवनशैली अपनाउँदै आएका हुन्छन् ।

परिवार सामाजिक संरचनाको आधारभुत सामाजिक संस्था हो । परिवार व्यवस्थाको सुरुवात यहि नै समयमा भनेर यकिन गर्न नसकिए पनि मानव सभ्यताको विकास सँगै प्राचीन समयदेखि नै मानिस परिवारमा रहँदै आएको छ । परिवार भनेको यो नै हो भनेर ठोस परिभाषा नभए तापनि विभिन्न समाजशास्त्री एवं विचारकहरुले आ-आफ्नो सैद्धान्तिक दृष्टिकोणवाट परिभाषित गरेको पाईन्छ । परिवार उत्पतिका वारेमा पनि विभिन्न सिद्धान्तहरु प्रचलनमा छन् जस्तैः यौन समतावादको सिद्धान्त, पितृसत्तात्मक सिद्धान्त, मातृसत्तात्मक सिद्धान्त, एकलगामी सिद्धान्त, उद्विकासवादी सिद्धान्त आदि । एकै छानामुनि वसोवास गर्ने ,वंश तथा वैवाहिक सम्वन्धमा रहेका आमाबाबु तथा छोराछोरीहरुलाई परिवारको रुपमा परिभाषित गर्न सकिन्छ । परिवारको स्वरुपअनुसार हजुरबा, हजुरआमा, ठूलोबा, ठूलीआमा, काकाकाकी, भतिजाभतिजी लगायत अन्य सदस्यहरु पनि परीवार अन्तरगत  रहने गर्दछन् । इलियट र मेरिलका अनुसार ‘ *परिवार श्रीमान्-श्रीमती र बच्चाहरु मिलेर बनेको जैविक सामाजिक एकाई हो* ’ । यसैगरी निम्कफ भन्छन्‘*परिवार कम वा बढी मात्रामा स्थायी, श्रीमान् र श्रीमतीसहितको बच्चासहित वा बच्चाविहिन वा पुरुष वा महिला एक्लै वा बच्चासहितको आवद्धता हो* ’ (Kavitha, 2009) । प्रायः सवै व्याक्ति परिवारसँग अनुवन्धित भएका हुन्छन् र आ-आफ्नो भूमिका निर्वाह गरिरहेका हुन्छन् । व्याक्ति-व्याक्ति मिलेर परिवार, परिवार- परिवार मिलेर समाज एवं समाज-समाज मिलेर राष्ट्र बनेको हुन्छ । निश्चित विशेषता अथवा एउटै संस्कृति, जात, धर्म,क्षेत्र आदिमा आधारित भएर एउटा विशिष्ट समुदाय बन्दछ भने घरपरिवारको विशाल एकीकृत सञ्जाल राज्य हो । त्यसैले

समाज परिवर्तन हुनुमा परिवार सञ्चालन प्रकृयाको तथा पारिवारिक कृयाकलापमा हुने परिवर्तनमा सामाजिक परिवर्तनको अन्योन्याश्रित सम्बन्ध हुन्छ ।

परिवारको आकार, वंशपरम्परा, अधिकार, विवाह आदिजस्ता संरचनात्मक आधारलाई परिवारको स्वरुप भनिन्छ । वभिन्न समाज र संस्कृतिको अध्ययन गर्दा परिवारको विभिन्न प्रकारका स्वरुपहरु प्राप्त गर्न सकिन्छ । संख्याका आधारमा परिवारलाई केन्द्रीय परिवार(Nuclear Family), संयुक्त परिवार( Joint Family) र बृहत परिवार(Extended Family) गरी तीन प्रकारले विभाजन गर्न सकिन्छ । केन्द्रिय परिवारमा आमाबाबु र खासगरी उनका अविवाहीत छोराछोरीहरुबाट मिलेर बनेको परिवारलाई भनिन्छ, संयुक्त परिवारमा तीन पुस्ताहरु हजुर बा,आमा काकाकाकीहरु, अविवाहीत दिदी तथा फुपूहरु र नाति नातिना रहेका हुन्छन् भने बृहत परिवार बाबु तथा आमाका नाता सहितको परिवारको स्वरुप हो । अधिकारका आधारमा परिवार पितृसत्तात्मक(Patriarchal Family) र मातृसत्तात्मक ( Matriarchal Family) गरी दुई प्रकारका परिवारका स्वरुपहरु छन् । पितृसत्तात्मक परिवारमा लोग्ने मानिसको बढी भूमिका हुन्छ र परिवारको वंश हस्तान्तरण बाबुको वंश अनुसार हुन्छ भने मातृसत्तात्मक परिवारमा महिलाको बढी भूमिका हुन्छ र बालबच्चाको थर तथा वंश हस्तान्तरण आमाको जे हो त्यै अनुसार हुन्छ । यसैगरी विवाहका आधारमा परिवारको स्वरुप एक विवाहित परिवार (Monogamous Family) र बहुविवाही परिवार(Polygamous Family) गरी दुई प्रकारका छन् । एकल विवाहित परिवारमा एउटा पुरुषले वा महिलाले एकल विवाह गरेका हुन्छन् भने बहुविवाही परिवारमा एक पुरुषका धेरै पत्नी हुने वा एक महिलाका धेरै पतिहरु हुने प्रचलन रहेको हुन्छ ।(आचार्य र श्रेष्ठ,२०६७)

हिन्दू पुराणमा उल्लेख भएबमोजिम मानव जीवनमा चारवटा आश्रम हुन्छन् ती हुन् : ब्रह्मचर्य, गृहस्थ, वानप्रस्थ र सन्यास । माथिका चार आश्रममध्ये ब्रह्मचर्य आश्रम जीवनको शुरु अवस्थाको आश्रम हो जसमा बालक हुर्कन्छ र ब्रह्मचर्यमा रहेर गुरुबाट शिक्षादिक्षा लिन्छ । यसैगरी गृहस्थ आश्रममा विहेवारी, सन्तानोत्पादन, आर्थिकोपार्जन, परिवार व्यावस्थापन आदिजस्ता कर्महरु पर्दछन् । पौराणिक कालको यो विभाजन अहिलेको आधुनिक युगमा ठ्याक्कै मेल नखाए पनि गृहस्थी शब्दलाई बुझ्न यसले सहयोग भने गर्दछ । हालको मानिसको लामो कालखण्ड पनि यही आश्रम अन्तरगत बितेको हुन्छ । एउटा परिवारका विभिन्न क्रियाकलापलाई अध्ययन गर्ने हो भने घरपरिवार

सञ्चालन गर्ने क्रममा परिवारका विभिन्न सदस्यहरुले आ-आफ्नो तवरले भूमिका निभईरहेका हुन्छन् । अतः घरगृहस्थी वा गृहस्थी भन्नाले परिवार भित्रका सम्वन्ध, व्यावहार, क्रियाकलाप, अन्तरक्रिया जस्ता प्रकार्यात्मक आयामलाई लिईन्छ । परिवार भित्रका यस्ता दैनिक गृहस्थी कृयाकलापले समाजको स्वरुप निर्धारण गर्दछ । इमाइल दुर्खिम, मेलीनोस्की, टाल्कोट पार्सन्स जस्ता समाजशास्त्रीहरुले गृहस्थीलाई परिवारको प्रकार्यात्मक एकाइको आधार मान्दछन् (Mackie, 2002) । परिवारमा आर्थिक-सामाजिक विकास, वंशको विकास, सुरक्षा, सामाजिकीकरण जस्ता कृयाकलापहरु स्वत भई नै रहेका हुन्छन् । परिवारमा एक आपसी मद्दत, छलफल, वैधानिक यौन कृयाकलाप पनि परिवार भित्रकै गतिविधि हुन् । एउटा परिवार भित्रका लोग्नेस्वास्नी, वृद्धवृद्धा, छोराछोरीहरु वीच आ-आफ्नो पृथकपृथक भूमिका कार्यविभाजन, कर्तव्य, सामाजिक अपेक्षा आदिमा केन्द्रित भई गरिने व्यावहारले घरगृहस्थी सञ्चालन हुन्छ । यसका लागि पनि मान्यता र तरिका आ-आफ्नै हुन्छन् । परिवारलाई एउटा प्रकार्यात्मक एकाइको रुपमा मान्दा घरगृहस्थी सञ्चालन तरिकालाई रणनीतिको रुपमा लिन सकिन्छ ।

गृहस्थी रणनीति(household stretegy) सम्बन्धी अवधारणा सर्वप्रथम ल्याटिन अमेरीकी तथा अफ्रीकी ग्रामिण समाजको अध्ययन गर्ने क्रममा आएको थियो । शुरुशुरुमा 'गृहस्थी रणनीति' अवधारणाको प्रयोग बाच्नैका लागि आवश्यक स्रोतसाधन जुटाउनका लागि खतरनाक वातावरणमा संघर्षरत  निश्चित सामाजिक समुहका लागि मात्र प्रयोग गरिन्थ्यो । सीमान्तकृत, विपन्न किसान तथा स-सानो व्यापार गरी परिवार धान्ने परिवारको जीवनगुजारा गर्ने तरिकालाई गृहस्थी रणनीतिका रुपमा लिइन्थ्यो । हाल यसले जटिल औधोगिक समाज तथा संक्रमणकालीन समाजको आर्थिक व्यावहार बुझ्नका लागि सक्षम गराउँदछ । यद्यपि यसलाई सामाजिक तथा सांस्कृतिक परिप्रेक्ष्यमा पनि मुल्यांकन गर्नु आवश्यक छ । अतः गृहस्थी रणनीतिलाई विभिन्न समाज र सामाजिक समूहको तुलनात्मक विश्लेषण गर्ने साधनका रुपमा पनि प्रयोग गर्न सकिन्छ । यसलाई आजीविका रणनीति(survival strategy) वा सामना रणनीति (coping strategy)  पनि भन्ने गरिन्छ (Wallace, 2002)। त्यसैले गृहस्थी रणनीति भनेको परिवारलाई एउटा सामाजिक एकाईको भूमिकामा राखिरहनको लागि परिवारका सदस्यहरुले अंगीकार गरेको जीविका सञ्चालन गर्ने तरिका हो ।

मानव विकासक्रमका विविध चरणहरुको अध्ययन गर्ने हो भने ढुंगे युगमा मानिस समुहमा या त एकल अवस्थामा घुमफिर गर्ने गर्दथ्यो। नाता सम्वन्धको बारेमा चेतनाको विकास भैसकेको थिएन । कृषियुग सँगसँगै मानव सभ्यताको एउटा पक्ष पारिवारिक चेतना पनि भएको अध्ययनहरुले बताएका

छन् ।  कृषि समाजमा हुने उत्पादन परिवार केन्द्रित थियो भने आजको औधोगिक युगमा बजारकेन्द्रित उत्पादन हुने गरेको छ ।आजको औद्योगिक श्रम विभाजनको प्रभाव घरगृहस्थीमा पनि परेको छ । पूँजीवादीकरण(capitalization), औद्योगिकरण (Industrialization) र भू-मण्डलीकरण(Globalization) प्रकृयासँगै परिवार संरचना र गृहस्थी प्रकृयामा परिवर्तन आएको छ । श्रम विभाजन आवश्यकता र क्षमता अनुसार भएको छ । परिवार संरचना एकलतिर उन्मुख छ भने लिङ्ग र परम्परा अनुसार कार्यविभाजन प्रणाली हराउँदै गएको छ । परिवारको गतिशीलतामा वृद्धि आएको छ । ग्रामीण समुदायमा शहरीकरण उन्मुख छ भने बसाईसराईको क्रम पनि बढ्दो नै देखिएको छ । थोरै सन्तान जन्माउने, ढिलो विवाहगर्ने जस्ता प्रणालीको विकास भईरहेको छ । शिक्षा, स्वास्थ्य, रोजगारीका अवसर जस्ता पक्षमा विविधता आएको छ । परम्परागत मूल्यमान्यता, संस्कार र संस्कृतिको प्रभाव कम हुँदै गएको छ । यी सवै समयसँगै आएका परिवर्तनहरुको सामान्यीकरण गरिएको हो ।

परिवार पनि एक गतिशील सामाजिक संस्था हो जुन समयक्रम सँगै परिमार्जित भइरहन्छ । परिवर्तित समयसगैं परिवारका सदस्यहरुको भूमिकामा पनि बदलाव आएको हामीले आफ्ना अनुभवहरुले पनि थाहा पाइरहेका छौं । नेपालको ग्रामीण क्षेत्रमा रहेका परिवारको स्वरुप तथा परिवार व्यावस्थापनमा आइरहेको परिवर्तन र परिवार सञ्चालन रणनीतिका बारेमा गहिरो सामाजिक अध्ययन हुन आवश्यक छ। अतः अध्ययनका सीमाभित्र रही ग्रामिण नेपाली समाजमा बदलिदो परिवेशलाई आत्मसात गर्न परिवारले के कस्तो गृहस्थी रणनीति अवलम्वन गरेको छ भन्ने तथ्य र यसका आधारभुत सामाजिक कारकहरुको खोज  गर्नको लागि यो अनुसन्धान कार्य  गरिएको छ ।

## १.२ समस्याको कथन

गतिशील समयसँगै नेपाली समाज पनि दिनप्रतिदिन बदलिइरहेको छ । मानिसहरु बढी सुविधाभोगी, शहरकेन्द्रित तथा व्यावसायिक वन्दै गईरहेका छन्। बढ्दो शहरीकरणले गर्दा शहरी क्षेत्रमा जनसंख्या , जग्गाको भाउ, आर्थिक गतिविधि वढिरहेको छ भने ग्रामिण क्षेत्रमा यी तत्वहरुमा निकै कमी आएको छ । मुख्यरुपमा निर्वाहमुखी कृषिमा आधारित  अर्थतन्त्र रहेको ग्रामीण समाज अहिले बजारमुखी बन्दै गइरहेको देखिन्छ। युवा शक्तिहरुको आकर्षण निर्वाहमुखी कृषि भन्दापनि व्यावसायिक कृषि, नोकरी,

व्यापार, वैदेशिक रोजगार जस्ता पेशामा वढीरहेको पाइन्छ। गाउँमा युवा जनशक्ति पलायन भई युवाको संख्याको अनुपातमा वृद्धवृद्धा र केटाकेटीको संख्या धेरै रहेको छ (Sapkota, 2010)।

माथि उल्लिखित  गतिविधिले समाजको परिवर्तनशीलतामा जोड दिन्छन् । विभिन्न सामाजिक परिवर्तनलाई मध्यनजर गर्ने हो भने नेपाली ग्रामिण समाजमा आश्रित जनसंख्याको अनुपात बढिरहेको छ, दैनिक उपभोग्य वस्तुका लागि  बढी मात्रामा बजारकेन्द्रित भैरहेको अवस्था छ । कम्प्युटर, टेलिभिजन, स्मार्टफोन, मोटरसाइकल, राईसकुकर, एलपी ग्याँस जस्ता आधुनिक उपभोग्य सामाग्रीको निर्यातसँगै समाज आधुनिकीकरण तर्फ उन्मुख छ भन्न सकिन्छ । समाजमा स्वस्थ्य तथा सरसफाईसम्वन्धी चेतना बढिरहेको छ ।  यस्ता सामाजिक परिवर्तनहरुसँगै शहरप्रतिको आकर्षण पनि बढ्दो छ जसले गर्दा शहरी जनसंख्या बृद्धिदर उच्च रहेको छ। सडक बाटो पुगेको ठाउँमा पक्की घर बनाउने क्रम बढ्दो छ (केन्द्रिय तथ्यांक विभाग, २०६८)।

समाजको परिवर्तनसँगै घरपरिवारमा पनि परिवर्तन पाउन सकिन्छ। छोराछोरीबीचको विभेदमा कमी आएको छ ।सास-बुहारी, जुवाई-ससुरालीबीचको सम्वन्धमा अलि खुलापन आएको छ। रोजगारमा महिला पुरुष सवैलाई उत्प्रेरित गरिएको छ। सन्तानोत्पादन दरमा कमी आएको छ। एकल परिवारको स्वरुप बढ्दो छ । यी लगायत विविध परिवर्तनको सामना गर्न ग्रामिण परिवार सदा तत्पर रहनुपर्ने अवस्था छ । अतः वर्तमान  परिप्रेक्ष्यमा परिवर्तित परिवेशलाई आत्मसात गरी परिवार संचालन प्रकृयामा पनि  पनि परिमार्जन गर्दै आएको विषयलाई नै प्रमुख समस्याका रुपमा लिईएको हो।

यसै क्रममा अध्ययनको क्षेत्रका रुपमा स्याङ्जा जिल्लाको फापरथुम गाविसमा रहेको एक गाउँ पातिखोलाको ग्रामिण परिवेशमा आधारित रहेर यहाँ रहेका  परिवारहरुले घर-गृहस्थी सञ्चालन गर्नका लागि अपनाएको रणनीति जस्तैः आम्दानी, खर्च र बचतगर्ने तरिका, मनोरञ्जन गर्ने तरिका , ऐचोपैचो तथा अर्मपर्म गर्ने तरिका, विवाह, व्रतवन्ध लगायत सामाजिक संस्कारका तरिका, चाडपर्व मनाउने तरिका, दैनिक उपभोग्य वस्तुहरुको उत्पादन र खरीद गर्ने तरिका आदि  विविध विषयहरुलाई गृहस्थी सञ्चालन रणनीतिका रुपमा लिई यी विषयहमा  आईरहेको बदलावहरुलाइ अध्ययन गरी यसका कारण र प्रभावको व्याख्या र विश्लेषण गर्न उचित ठानी अनुसन्धानको विषय बनाईएको छ ।यस अध्ययनले निम्न प्रश्नहरुमा अन्तरनिहित जिज्ञासाहरुको उत्तर खोज्नेछ।

क) ग्रामिण घर-परिवारको हालको गृहस्थी स्वरुप कस्तो छ ?

ख) ग्रामिण घर-परिवारको जीवनयापन पद्धति केकस्तो रहेको छ ?

ग) घर-परिवारको गृहस्थीको स्वरुप र जीविकोपार्जन पद्धतिमा परिवतन आउनुका कारकहरु के के हुन?

## १.३ अध्ययनको उद्देश्य

ग्रामिण नेपाली परिवारमा बदलिदो जीविका रणनीतिहरुको पहिचान गर्नु अध्ययनको सामान्य उद्देश्य रहेको छ भने यसका विशिष्ट उद्देश्यहरु यसप्रकार रहेका छन् ।

क) घरपरिवार तहको गृहस्थी स्वरुपको विवेचना गर्ने

ख) ग्रामिण घरपरिवारको जीविकोपर्जन रणनीतिहरुको वर्णन गर्ने,

ग) घरपरिवारको गृहस्थी स्वरुप र जीविकोपार्जन रणनीतिहरुमा आएको परिवर्तनबारे खोजी गरी विश्लेषण गर्ने,

## १.४ अध्ययनको महत्व

नेपाली समाजमा विश्वव्यापीकरण तथा आधुनिकीकरणको कारणको प्रभाव राम्रैसँग परेको अनुभव गर्न सकिन्छ । ग्रामिण समाजको कुरा गर्ने हो भने पनि गाउँका मानिसहरु गाउँमा मात्र सिमित नभएर विश्वका विभिन्न ठाउँमा पहुँच बनाउनु, समयसँगै आधुनिक सेवा-सुविधा तथा उपकरण भित्र्याउनु, यही अनुरुपको सोचाई तथा चेतनाको विकास हुँदै जानुजस्ता विषयले गाउँको परिवर्तनको दिशा निर्धारण गरेको हुन्छ । एकातिर यो एक राष्ट्रिय समस्या हो भने अर्कोतिर अवसरको रुपमा पनि लिन सकिन्छ । यिनै समस्या र अवसरको विस्तृत अध्ययनलाई यस अनुसन्धान कार्यको विषय

बनाईएको छ । अतः विश्वव्यापीकरण र आधुनिकीकरणको ग्रामिण जीवनमा परेको असरको अध्ययनको रुपमा यस शोध कार्यको महत्व बुझ्न सकिन्छ ।

यो अध्ययन हालको ग्रामिण नेपाली पहाडी समुदायको बारेमा गरिने अध्ययन हो । अतः नेपालजस्तो पहाडी र गाउँ धेरै भएको मुलुकका लागि यो अध्ययन फलदायी हुने विश्वास अनुसन्धानकर्ताको रहेको छ । एकातिर गाउँका जमीन बाँझो हुनु, काम गर्न सक्ने युवा जनशक्ति पलायन हुनु, गाउँको उत्पादनमा कमी हुनु अर्कातिर शहरमा वस्ती विस्तार तीव्र हुनु महंगी बढ्नु जस्ता समस्या भोगिरहेको हाम्रो मुलुकको नीतिनिर्माण गर्नेहरुका लागि पनि यो अध्ययनले पक्कै पनि केही सहयोग गर्ने विश्वास गरिएको छ । ग्रामिण क्षेत्रमा पनि रोजगारीको व्यावस्था गर्न, उत्पादन बढाउन, सुविधासम्पन्न बनाउनको लागि र हाल भैरहेको सोचाईगराईले भविष्य कता जाँदैछ भन्ने पत्ता लगाउनको लागि पनि यो अनुसन्धान महत्वपूर्ण हुनेछ । यो विषयवस्तुसँग सम्वन्धित भएर गरिने अन्य अध्ययन अनुसन्धानहरुलाई पनि एउटा सन्दर्भ सामाग्री हुनेछ । समग्रमा यो अध्ययन नेपाली ग्रामिण परिवेशको ऐना हुनेछ ।

## १.७ अध्ययनको सङ्गठनात्मक ढाँचा

प्रस्तुत शोधपत्रलाई मुख्यतया पाँच अध्यायमा विभाजन गरिएको छ । पहिलो अध्यायमा अध्ययनको पृष्ठभूमि, समस्याको कथन, अनुसन्धानको उद्देश्य, शब्दावलीको परिचय, अध्ययनको महत्त्व तथा सीमाहरुलाई समावेश गरिएको छ । दोस्रो अध्ययनमा अध्ययनसँग सम्बन्धित पूर्वसाहित्यको समिक्षा अवधारणात्मक खाँका राखिएको छ । तेस्रो अध्यायमा अध्ययन क्षेत्रको परिचय, अध्ययन क्षेत्र छनोट गर्नुको औचित्य अनुसन्धान ढाँचा, तथ्यांङ्को प्रकृति र स्रोत, समग्र नमुना छनोट विधि, तथ्यांङ्का सङ्कलनका विधि, पूर्व परीक्षण, अध्ययनका कठिनाइहरु, तथ्याङ्कको विश्लेषण र प्रस्तुतीकरणलाई समेटिएको हुन्छ । यसै गरि अध्याय चारमा पातिखोलाका ग्रामिण परिवारको स्वरुप तथा गृहस्थी रणनीतिमा आएको परिवर्तन बारे संकलन गरिएको तथ्यांकको व्याख्या र विश्लेषण गरिएको छ । पाँचौं अध्यायमा अध्ययनको सारांश र निस्कर्ष प्रस्तुत गरिएको छ । अन्त्यमा अनुसूची अन्तरगत अन्तर्वार्ता प्रश्नावली ,तस्विरहरु, विशेष शव्दावलीको अर्थ र मुख्य उत्तरदाताको नामावली राखिएको छ ।

# अध्याय दुई

# साहित्यको अध्ययन

## २.१ सैद्धान्तिक पुनरावलोकन

### २.१.१ परिवार र सामाजिक परिवर्तन

परिवार समाजको एक अभिन्न अंग हो । परिवारका विविध आयामहरुमा आउने परिवर्तनले समाजलाई नै परिवर्तित गरिहेको हुन्छ । अतः समाज परिवर्तनका सिद्धान्त अनुसार नै परिवारमा परिवर्तन लाई विश्लेषण गर्न सकिन्छ । परिवार सम्बन्धी अध्ययन गर्दा समाज सम्बन्धी अवधारणाको पनि पुनरावलोकन हुनु जरुरी देखिन्छ ।

समाज कहिल्यै पनि स्थिर हुन सक्दैन, गतिशीलतासँगै सामाजिक, राजनैतिक तथा सांस्कृतिक परिवर्तन भई नै रहन्छ। यस्तो परिवर्तनका प्रमुख कारकहरुमा सरकार, नागरिक आन्दोलनहरु, बाह्य संस्कृतिको प्रसार, विभिन्न प्रविधिहरु, आदि पर्दछन् । यसका अतिरिक्त वातावरणीय प्रभाव तथा अन्तर्राष्ट्रिय आर्थिक तथा राजनैतिक परिघटनाहरु पनि परिवर्तनका लागि जिम्मेवार हुन्छन्। समाजशास्त्री चैतन्य मिश्रका अनुसार "सामाजिक परिवर्तन नै समाजशास्त्रको जग हो । परिवर्तन नहुँदो हो त समाजशास्त्रको आवश्यकता नै पर्दैनथ्यो । जेजे कारणले समाजमा परिवर्तन ल्याउँछन्, ती सवै कारण नै समाजशास्त्रका जननी हुन्" ।वास्तवमा आजको यो वर्तमान समाज पनि यही परिवर्तनको उपज वा परिणाम हो । समाजशास्त्री, इतिहासकार तथा सामाजिक मानवशास्त्रीहरुले सामाजिक परिवर्तनका बारेमा खास किसिमका सिद्धान्तहरुको विकास गरेका छन् (राई र तिमिल्सिना, २०७०)।

उद्‌विकासवादी सिद्धान्त अनुसार कुनै पनि सरल समाज समयान्तरमा क्रमिक रुपले रेखीय ढाँचामा जटिल समाजतिर उन्मुख हुने प्रकृयालाई सामाजिक परिवर्तन भनिन्छ । यसैगरी चक्रीय सिद्धान्तले समाज विकासको क्रममा विकसित भएका सभ्यता, समाज र संस्कृतिहरु समयान्तरालमा विभिन्न उतारचढावको अवस्था चक्रीय प्रणाली हुँदै अगाडि बढ्ने मान्यतालाई जोड दिन्छ । ऋतु परिवर्तनको प्रकृया झै समाज एउटै चरणमा धेरै पटक घुमिरहन्छ । माथिबाट तल र तलबाट माथि जाने प्रक्रिया समाज विकासको प्रणालीमा पनि लागू हुन्छ भन्ने मान्यता नै यस सिद्धान्तको मूल

अभिप्राय हो । प्रकार्यात्मक सिद्धान्त अनुसार समाज विभिन्न सामाजिक एकाइहरुको व्यावस्थित संरचना हो र सामाजिक संरचनाभित्र निहीत विभिन्न एकाईहरुमा हुने प्रकार्यात्मक परिवर्तन नै सामाजिक परिवर्तन हो । सामाजिक परिवर्तनलाई अर्को एउटा महत्वपूर्ण सिद्धान्त द्वन्द्व सिद्धान्तले सामाजिक परिवर्तन सामाजिक वर्ग र वर्गीय द्वन्द्वको अवधारणासँग अन्तरसम्बन्धित छ भनी परिभाषित गर्दछ । कार्ल मार्क्सले विशेष गरी ऐतिहासिक द्वन्द्वात्मक भौतिकवादका आधारमा सामाजिक परिवर्तनको प्रकृयालाई विश्लेषण गरेका छन् । समाज विद्यमान वर्ग वा समूहहरुबीच हुने संघर्षको परिणामस्वरुप सामाजिक परिवर्तन हुन्छ भन्ने निष्कर्ष मार्क्सको रहेको छ ।

### २.१.२ घरपरिवारको परिवर्तनशीलताका दृष्टिकोणहरु

#### क) आधुनिकीकरणको सिद्धान्त

Max Weber भन्दछन् *"आधुनिकीकरण भनेको सचेतीकरणको एक प्रकृया हो"* । यसैगरी आधुनिकीकरणको बारेमा अमेरिकी अर्थशास्त्री WW Rostow(1960) ले परम्परागत समाज, परिवर्तित पूर्व अवस्थाको समाज, परिवर्तित समाज, परिपक्वतातर्फ उन्मुख समाज र उच्च उपभोगको चरण जस्ता विकासका तहहरुका बारेमा विश्लेषण गरेका छन् । Wilbert E Moore(1963) ले आधुनिकीकरणलाई समाज रुपान्तरणको प्रकृयाका रुपमा व्याख्या गरेका छन् । प्रविधिको विकास, सहभागितापूर्ण राजनैतिक व्यवस्थाको स्थापना, सभ्यता र संस्कृतिमा परिष्कृतता आउनु साथै समाजमा साक्षरता, चेतना, विकास, सञ्चार आदिमा तीव्र विकास हुनु आधुनिकीकरण हो । यो निरन्तर, क्रमिक एवं स्वभाविक प्रक्रिया हो जसले समाजलाई रुपान्तर गरिहेको हुन्छ । यस प्रक्रियामा पुराना प्रचलन र मान्यतालाई त्याग्दै नयाँ प्रचलन, मान्यता, दृष्टिकोण तथा व्यवहारहरु अवलम्बन गरिन्छ । आधुनिकीकरणको यो प्रक्रियामा घरपरिवारमा पनि परिवर्तन आउँछ भन्ने मान्यता यस सिद्धान्तको रहेको छ ।

#### ख) प्रकार्यवादी सिद्धान्त

प्रकार्यवादी समाजशास्त्री George Murdock(1949) ले परिवारको सर्वव्यापी प्रकार्यका वारेमा चर्चा गरेका छन् । परिवार भित्र हुने समानताका बारेमा चर्चा गर्दै सामाजिकीकरण, यौनकार्य, आर्थिक कार्यले परिवारको स्थायित्व र विकासमा जोड दिने तर्क राख्दै विभिन्न समाजमा यही अवस्था पाईएको बताईएका छन् । टाल्कोट पार्सन्सल सामाजिक व्यावस्थामा परिवारको सकरात्मक भूमिकाबारे

चर्चा गरेका छन् । प्रकार्यवादी दृष्टिकोणबाट हेर्दा परिवार समाजको एक अभिन्न एकाई हो र समाज व्यावस्थित हुन परिवारको निकै ठूलो भूमिका हुन्छ । यसले परिवारमा हुने द्वन्द्व , विग्रह जस्ता नकरात्मक पक्षको वकालत नगरी परिवारलाई व्यावस्थित एकाईको रुपमा हेर्दछ । सदस्यहरुवीचको पारस्पारिक सम्बन्धले परिवारको अस्थित्व निरन्तर रुपमा अघि बढ्छ । परिवारको स्वभाविक परिवर्तनले समाज व्यावस्थाको स्थायित्वलाई सघाउ पुर्‍याउँदछ भन्ने यस सिद्धान्तको दृष्टिकोण रहेको छ ।

### ग) द्वन्द्ववादी सिद्धान्त

Frendrich Engels(1891) ले उत्पादन व्यावस्थामा परिवर्तन आउँदा परिवारको स्वरुपमा पनि परिवर्तन आउने तर्क राख्दै एकलगामी र एकात्मक परिवारको स्वरुपमा व्याक्तिगत सम्पत्तिको उत्पत्तिसँगै भएको तर्क राखेका छन् । कार्ल मार्क्सले परिवारलाई एउटा सुक्ष्म वर्गीय समाज का रुपमा व्यख्या गरेका छन् जसमा पुरुष एउटा वर्ग हो भने महिला अर्को वर्ग हो । यस सिद्धान्त अनुसार समाजमा एकातिर उच्चवर्गीय परिवार अथवा पूँजीपतिबाट श्रमिक वर्गमाथिको शोषण रहन्छ भने अर्कातिर निम्न वर्गीय परिवार भित्रै पनि परिवारमा पुरुषहरुको प्रभुत्व रहेको हुन्छ । यसैगरी श्रमिकवर्गको शिक्षा, स्वास्थ्य तथा जीवन बढी कष्टकर बन्दै जान्छ । यसैबाट पारिवारिक वैमनस्यता, शंका, झगडाहरु उत्पन्न हुन्छन् भने कालान्तरमा यसैबाट वर्गीय समाजको विकास हुन्छ र यही वर्गसंघर्ष नै परिवार परिवर्तनको कारण हो भन्ने मार्क्सवादी अवधारणा हो ।

### घ) विश्व ब्यावस्था दृष्टिकोण

Immanuel Wallerstein (1970) ले समग्र विश्वलाई केन्द्र, अर्धपृष्ठ र पृष्ठक्षेत्र गरी तीन भागमा वर्गीकरण गरेका छन् । केन्द्रक्षेत्रमा आर्थिक रुपले सबैभन्दा शक्तिशाली र सम्पन्न राष्ट्रहरु पर्दछन् भने पृष्ठक्षेत्रमा गरीब तथा अविकसित तेस्रो विश्वका देशहरु पर्दछन् । यसैगरी अर्धपृष्ठक्षेत्रमा भारत, चीन, दक्षिण अफ्रीका, ब्राजिल जस्ता विकासशील राष्ट्रहरु पर्दछन् । विश्व ब्यावस्था अन्तरगत विकास भएको विश्वव्यापी अन्तरसम्वन्ध, अन्तरसम्बन्ध, अन्तरनिर्भरता, वसाईसराई, सञ्चारको विकास, विश्वव्यापी उत्पादन र वितरण तथा विनिमय जस्ता प्रक्रियाले परिवारमा परिवर्तन ल्याउँदछ । विश्वव्यापीकरणको प्रक्रियामा अवसरमा लागि परिवारका मानिसहरुको गतिशीलता बढ्छ । यस गतिशीलताले नयाँ मूल्य मान्यता र संस्कृतिको आगमन परिवारमा हुन्छ । यसरी नै परिवार व्यावस्थामा परिवर्तन आउँदछ भन्ने मान्यता विश्वव्यावस्था प्रणालीको रहेको छ ।

## २.२ आनुभविक लेख रचनाहरुको समीक्षा

संसारमा रहेका विभिन्न समाजशास्त्री तथा अध्ययनकर्ताहरुले विविध सन्दर्भ, समय र परिस्थितिमा रहेर विविध उद्देश्य र आवश्यकता पूर्तिका लागि परिवारको बदलिदो अवस्था, स्वरुप, यसका कारण तथा बदलिदो परिस्थिति अनुरुपको गृहस्थी संचालन सम्वन्धी अनुसन्धान, लेखरचना, पुस्तक तथा समाचारहरु प्रकाशन गरेका छन् । यस शोधकार्यसँग सम्बन्धित केही सामाग्रीहरुको समीक्षा गरिनु अत्यावश्यक छ । अतः विविध समाजमा आधारित भएर विभिन्न सन्दर्भसामाग्रीको पुनरावलोकन गरिएको छ ।

### २.२.१ विश्वका विभिन्न देशमा भैरहेको पारिवारिक स्वरुपको परिवर्तन

सन् १९८९ मा नै Avronne S. Fraser ले The Changing American Family भन्ने लेखमा अमेरीकी परिवारहरुको परिवर्तित अवस्थालाई उल्लेख गर्दै त्यसबेला ९ प्रतिशत मात्र परिवार परम्परागत परिवारको परिभाषामा अटाउन सक्ने, धेरैजसो परिवारमा १८ वर्षमुनिका बच्चाबच्ची नै नभएको, २५ प्रतिशत भन्दा बढी बच्चाबच्चीहरुका एक मात्र अभिभावक हुने गरेको, बालबच्चा हुर्काउनुपर्ने बेलाका ७२ प्रतिशत महिला कामका लागि जानुपर्ने अवस्था रहेको, साना केटाकेटीभन्दा वृद्धवृद्धाको संख्या बढीरहेको तथ्य र यसो हुनका कारणहरु पनि प्रस्तुत गरेका थिए (Fraser, 1989) ।

अमेरिकामा परिवारको बदलिदो अवस्थालाई अध्ययन गर्ने क्रममा अविवाहित जोडीले नै बच्चा जन्माउने तथा एकमात्र व्याक्ति भएको परिवारको संख्या बढेको पाईएको छ । अविवाहित बाबुआमाबाट हुने जन्ममा सन् २०००मा ३३ प्रतिशतबाट सन् २०१० मा ४१ प्रतिशत पुगेको जनाईएको छ । त्यस्तै एकल व्याक्तिको परिवार पनि सन् १९४० मा १० प्रतिशत भएकोमा सन् २०१० मा ३३ प्रतिशत पुगेको जनाइएको छ (Jacobsen, Mather, & Dupuis, 2012) ।

The Changing family in international perspective भन्ने लेखमा पनि Constance Sorrintino ले परिवारहरु सानो आकारका बन्दै गइरहेको, सन्तानोत्पादन दर घटेको, मानिस एक्लै बस्ने क्रम बढेको तथ्यलाई उजागर गरेका छन् । स्केन्डिनेभियन राष्ट्रहरु यो प्रकृयामा

अग्रपक्तिमा देखिएपनि सम्बन्धविच्छेद र एकल व्याक्ति परिवारको दर भने अमेरिकामा सबैभन्दा बढी छ (Sorrentino, 1990)।

La Trobe University का प्रोफेसर David de Vaus ले Diversity and Change in Austrialian Families भन्ने पुस्तकमा अष्ट्रेलियाको पारिवारिक स्थितिको बारेमा विस्तृत रुपमा बर्णन गरेका छन् । जसमा उनले परिवारका स्वरुपहरु, बालबच्चाको हेरचाह व्यावस्थापन, विवाह, सम्बन्धबिच्छेद र पुनर्विवाह, खर्चव्यावस्थापन, समयको प्रयोग, काम गर्ने शैली जस्ता घरपरिवारसँग सम्वन्धित धेरै प्रश्नहरुको उत्तर दिएका छन् । परिवार परिवर्तनको अनुभवका लागि कुनै लामो ऐतिहासिक कालखण्ड आवश्यक नपर्ने तथा एकै व्याक्तिले आफ्नो जीवन अवधिमा नै धेरै परिवर्तनहरु देख्न सक्ने बताएका छन् (Vaus, 2004)।

युरोपियन युनियनको आर्थिक सहयोगमा Changing families in the European Union: trends and policy implications नामक अनुसन्धानात्मक प्रतिवेदनमा युरोपका विभिन्न देशका परिवारहरुमा आएको परिवर्तनलाई उल्लेख गरिएको छ । जसमा वितेका ५० वर्षमा परिवारको स्वरुपमा आएको परिवर्तनलाई विभिन्न तथ्यसहित प्रस्तुत गरिएको छ । युरोपमा सन् १९७०-८० तिर सन्तानोत्पादन दर औसतमा प्रतिमहिला १.५ थियो भने सन् १९८० को दशकको पछिल्लो समयमा यो दरमा केही बृद्धि भई १.७- १.८ सम्म पुगेको थियो । यसअनुसार पनि युरोपको जनसंख्या घट्दो क्रममा रहेको देखाएको छ । यसैगरी पहिलो बच्चा जन्माउने उमेर सन् १९६० तिर २० वर्षको आसपास थियो भने २१ औं शताब्दीको शुरुसम्म आइपुग्दा यो उमेर औसतमा २६-२७ वर्ष रहेको छ । पछिल्लो समयमा वैवाहिक सम्वन्धलाई उच्च प्रकारको सम्वन्ध मान्ने परिपाटी घट्दो रहेको छ । सन् २००० तिरको अध्ययनले एक तिहाई विवाह सम्वन्ध विच्छेदमा गई टुंगिने र यो क्रम अझ बढ्दै जाने तथ्य देखाइएको छ । सम्वन्ध विच्छेदपछि पनि अर्को विवाह गरेर वा नगरीकनै अन्य व्याक्तिसँग बस्ने विषय सामान्य बनेको छ भने आफ्नो पहिलो सम्बन्धको सन्तान पनि सँगसँगै अर्को सम्बन्ध भएको ठाउँमा लगेर हुर्काउने प्रचलन विकसित भईरहेको छ । बदलिदो पारिवारिक सम्वन्ध तथा सन्तानोत्पादन प्रकृयासँगै एउटै व्याक्तिको एक परिवार अर्थात् एकव्याक्ति परिवारको स्वरुपले व्यापकता पाउन थालेको छ । पछिल्लो वर्षहरुमा स्केन्डिनेभियन देश तथा जर्मनीमा २० प्रतिशत मानिसहरु एक्लै वस्ने गरेका छन् । यसैगरी पशिचिमी युरोपमा १३-१७ प्रतिशत मानिसहरु एक व्याक्तिको परिवारमा वस्दछन् ।

एकव्याक्ति परिवार पनि युरोपमा सामान्य बन्दै गैरहेको छ । युरोपमा महिला र पुरुषको साक्षरता दर भने लगभग बराबर रहेको छ । बदलिदो पारिवारिक पृष्ठभूमि सँगै महिलाको श्रममा सहभागिता भने बढ्दै गएको छ तर अझैपनि महिलाले गर्ने आम्दानी पुरुषको आम्दानीभन्दा औसतमा १६ प्रतिशतले कम रहेको तथ्य युरोपेली आयोगको सन् २०१५ को प्रतिवेदनमा जनाईएको छ (Olah, 2015)।

बेलायतका पनि परिवारमा थोरै र ढिलो बच्चा जन्माउने हुनाले रगतको नातामा आधारित संयुक्त परिवारमा कमी आएको छ । महिलाको सन्तानेत्पादन दर सन् १९६० मा २.९५ थियो भने सन् २००७ मा १.९१ पुगेको छ तर यो दर विभिन्न जाति तथा समुदाय अनुसार फरकफरक हुने गरेको छ । महिलाको पहिलो बच्चा जन्माउने औसत उमेर सन् १९७१मा २३.७ वर्ष थियो भने सन् २००६ मा २९.२ वर्ष पुगेको छ । पहिलो विवाह गर्ने औसत उमेर सन् १९७१ मा पुरुषको २४.६वर्ष र महिलाको २२.६ थियो भने सन् २००६ मा पुरुषको ३१.८ र महिलाको २९.७ पुगेको छ । सन् १९७३ मा बेलायतमा सम्बन्धविच्छेद र विवाहको अनुपात २५:१०० थियो भने सन् २००५ सम्म आईपुग्दा यो अनुपात ५५:१०० पुगेको छ जुन अनुपात युरोपेली युनियनका राष्ट्रहरुमा ४३:१०० पुगेको छ । विवाह नगरी सँगै बस्ने प्रचलन पनि बढिरहेको देखिएको छ । यो दर सन् १९८६ मा पुरुष ११ प्रतिशत र महिला १३ प्रतिशत थियो भने सन् २००६ मा पुरुष २४ प्रतिशत र महिला २५ प्रतिशत पुगेको छ । यसैगरी समलिङ्गी परिवारलाई पनि समाजमा मान्यता दिइएको छ । एकल व्याक्तिको परिवारमा बढोत्तरी आएको छ (The Social Issues Research Centre, 2008) ।

भारतका परिवारमा विशेषगरी पछिल्लो समयमा परिवारको संख्या बृद्धिदर बढ्दो र परिवार सदस्य संख्या घट्दा देखिएको छ । सन् १९८१, १९९१ र २००१ को भारतको जनगणना अनुसार जनसंख्या बृद्धिदर परिवारको संख्या बृद्धिदरभन्दा बढी थियो तर सन् २०११ को जनगणनाले परिवारको संख्याको बृद्धिदर जनसंख्या बृद्धिदरभन्दा निकै बढी भएको तथ्यांक बाहिर ल्यायो । यसैगरी सन् २००१ बट २०११ मा परिवारको सदस्य संख्यामा पनि ५.३ बाट ४.९ पुगेको छ साथै एकल व्याक्तिको परिवारमा बढोत्तरी आएको जनाएको छ (Nayak & Narayan, 2014) ।

### २.२.२ नेपाली समुदायका परिवारमा आएको परिवर्तन

परिवर्तित परिप्रेक्ष्यमा नेपाली समाजमा पारिवारिक एकतामा कमी तथा पारिवारिक द्वन्द्ध बढीरहेको देखिएको छ । परिवारका सदस्यहरुबीच विश्वासको कमी, खर्च बढी, एउटाको आम्दानीले मात्र घर धान्न नसक्नु, आधुनिक सुविधाको प्रयोग, उपभोक्तावादी चरित्र आदिले गर्दा परिवारमा ठूलो संकट आएको देखिन्छ । साथै रुढीवादी सोचमा कमी, शिक्षित तथा आत्मनिर्भर वातावरणले परिवारमा सकरात्मकता पनि ल्याएको देखिन्छ । व्याक्तिगत स्वतन्त्रताको चाहना, औद्योगिकरण, पेशा व्यावसायको उपलब्धता, पारिवारिक नियन्त्रणको महत्व घट्नु जस्ता कारणले परिवारमा छुट्टिएर बस्ने प्रचलन बढ्दो छ । बढ्दो चेतना, शैक्षिक स्तर तथा कानूनी प्रावधानका कारण महिला अधिकारमा बृद्धि भएको छ । परिवारमा सासुले बुहारी, अभिभावकले बच्चाबच्ची, लोग्नेले स्वास्नीको नियन्त्रण गर्ने परिपाटीमा खुकुलोपन देखिएको छ । यसका साथसाथै एकआपसमा चित्त नबुझ्ने सामान्य असन्तुष्टीले पनि सम्वन्ध विच्छेदको रुप लिएको छ । परिवारका सदस्यहरुवीचको सम्वन्धको बारेमा अध्ययन गर्दा विभिन्न पुराना मान्यताहरु परिवर्तित भएको देखिन्छ । लोग्नेको जल खानुपर्ने, लोग्नेको नाम उच्चारण गर्न नहुने जस्ता मान्यताहरु परिवर्तित भई 'नारी पुरुष बराबरी' भन्ने भावनाको विकास भएको छ । निर्णय घरमुलीको एकलौटी हुने प्रथा हटेको छ । सासुबुहारी बीचको सम्बन्ध आमाछोरीको जस्तो हुनुपर्छ भन्ने सोचको विकास भएको छ । अभिभावकको निर्णयानुसार मागी विवाहको व्यापकता रहेकोमा प्रेमविवाह,अन्तरजातिय विवाह, अदालती विवाहमा बढोत्तरी भएको छ बालविवाह तथा बहुविवाह न्यूनता आएको छ । नातेदारी सम्बन्धलाई भन्दा अन्य व्यावहारिक सम्बन्धलाई बढी महत्व दिन थालिएको छ । कृषिमा आधारित जीवननिर्वाह पद्धतिबाट अन्य आर्थिकोपार्जन उपायहरु  व्यापार, नोकरी, वैदेशिक रोजगार, उन्नत खेतीपाती आदिमा आकर्षित भएको देखिन्छ । आफूले कमाएको घरमूलीलाई नदिईकन स्वतन्त्र रुपमा प्रयोग गर्ने प्रवृत्ति हावी भएको छ । चाडपर्व अलि भड्किलो ढंगले मनाउने तथा पुराना संस्कार एवं धार्मिक कार्यहरुमा कमी देख्न सकिन्छ । धर्म गर्न भनी पाटीपौवा, पोखरी , बाटो, कुवाधारा, चौतारो बनाउने प्रचलनमा कमी आएको छ । मनोरञ्जनका लागि विभिन्न जात्रा,भजनकीर्तन,रोधी जस्ता क्रियाकलापमा कमी तथा आधुनिक मनोरञ्जनका साधनमा व्यापकता आएको छ । (राई र तिमिल्सिना, २०७०)

नेपाली समाज  सम्बन्धी अध्ययन गर्ने क्रममा नर्वेजियन राजदुतावासद्धारा प्रकाशित Nepali Society and Development Relevance of the Nordic Model in Nepal नामक एक प्रतिवेदनमा नेपाली समाज परिवर्तनका विषयवस्तुहरुलाई पनि प्रस्तुत गरिएको छ । जसअनुसार नेपाली समाज वृहत्तर सामाजिक, राजनैतिक र आर्थिक रुपान्तरणको प्रकृयामा छ । उदारवाद, सुचना प्रविधि, उपभोगवाद, व्याक्तिवाद आदिजस्ता विश्वव्यापी कारकहरु छन् भने सामाजिक स्वतन्त्रता, शिक्षामा पहुँच, बसाइसराई, जनसांख्यिक परिवर्तन, गैरकृषि क्षेत्रमा आर्थिकोपार्जनका अवसर लगायत बढ्दो प्रतिस्पर्धा, आधुनिक प्रविधि विकास, पारिवारिक स्वरुप परिवर्तन तथा अन्तरव्याक्ति सम्वन्धलाई आन्तरिक कारकको रुपमा लिईएको छ । यसअनुसार परम्परागत संरचित संस्थाहरु जस्तै धर्म, सामाजिक मूल्य, परिवार संस्कृतिहरु कमजोर बन्दै गईरहेका छन् । परिवारमा द्वन्द्ध बढ्दै गईरहेको छ । संचार माध्यम र सुचना प्रविधिले बच्चाबच्चीलाई समेत प्रत्यक्ष असर पारेको छ, बाबुआमा र छोराछोरीबीचमा ठूलो पुस्तान्तर देखिएको छ, जसले पारिवारिक बेमेल निम्त्याएको छ । यस्तो प्रकारको परिवर्तनले सामाजिक तथा आर्थिक अस्थिरता हुने नयाँ समस्या सृजना भएको छ (Parajuli, et al., 2015)।

जब छोराले आर्थिक रुपमा बाबुमा भर पर्नुपर्ने स्थितिबाट मुक्त भई आत्मनिर्भर हुन्छ अनि उसले बाबुको अधिनमा रहनुपर्ने परम्परागत सोचलाई चुनौती दिँदै एकल परिवार बनाउनमा अग्रसर हुन्छ, जसले पारिवारिक संरचनामा असर पारेको हुन्छ (Goldstein & Beall, 1986)।

नेपाली परिवारमा सम्वन्ध विच्छेदका घटना दिनदिनै बढिरहेको र यसो हुनुका कारणमा रेमिट्यान्सको प्रभाव, आफ्नो जिन्दगीको निर्णय आफै गर्न सक्ने शिक्षित महिलाको बढ्दो जनसंख्या र परम्परागत पुरुष संरचनाको निरन्तरता आदीलाई औंल्याईएको छ । अहिलेको पारिवारिक संरचना अझै भत्कदै जानेछ भन्ने निष्कर्षले परिवारमा आइरहेको परिवर्तनलाई संकेत गरेको छ ९शापकोटा, २०७३०
।

नेपाली परिवारको परिवर्तित अवस्थाका बारेमा विभिन्न जनगणनाहरुको तथ्यांकबाट पनि थाहा हुन्छ । जसअनुसार वि.सं. २०६८ सालमा नेपाली परिवारमा औसतमा ४.८८ जना सदस्य रहेका छन् जुन २०५८ को गणनानुसार ५.४४ थियो । शहरी क्षेत्रमा बसोबास गर्ने क्रम दिनानुदिन बढिरहेको छ

जुन २०५८ मा १३.९ प्रतिशत रहेकोमा २०६८ मा बढेर १७.०७ प्रतिशत रहेको छ । साक्षरता दर २०५८ मा ५४.१ प्रतिशतबाट २०६८ मा ६५.९ प्रतिशत पुगेको छ । महिला घरमुली भएका परिवारमा पनि २०५८ मा १४.८७ प्रतिशतबाट २०६८ मा २५.७३ प्रतिशत पुगेको देखिएको छ । यसैगरी विदेशिने जनसंख्यामा पनि २०५८ सालमा ७,६३,१८१ बाट २०६८ सालमा १९,२१,४९४ जना रहेको छ । खाना पकाउनको लागि इन्धनको रुपमा एल. पी. ग्याँसको प्रयोग २०५८ मा ७.६७ प्रतिशतबाट २०६८ मा २१.०३ प्रतिशत रहेको छ । यो तथ्यांकको आधारमा पनि नेपाली परिवारमा आएको परिवर्तनलाई अनुमान गर्न गाह्रो हुने छैन (केन्द्रिय तथ्यांक विभाग, २०६८) ।

माथि यस शोध कार्यसंग सम्वन्धित विभिन्न सिद्धान्त , लेखरचना, जर्नल तथा पुस्तकहरुमा आधारित भएर विश्वपरिवेशमा परिवारको परिवर्तित स्वरुप, गृहस्थी रणनीतिहरु तथा परिवर्तनका कारणहरुका बारेमा चर्चा गरियो । परिवारको अध्ययन गर्ने क्रममा यी सन्दर्भ सामाग्रीहरु केही प्रतिनिधि सामाग्रीहरु मात्र हुन् जसले विश्वपरिवेशको केही अंशमा भएपनि झलक दिन्छन् । यी सामाग्रीहरुको सारांश भनेको परिवारको स्वरुप बदलिदो छ । समयानुकुल चल्नका लागि सोहीअनुसारको गृहस्थी रणनीति अपनाउनुपर्ने हुन्छ र अपनाईरहेका पनि छन् भन्ने नै हो ।

# अध्याय - तीन

# अनुसन्धान विधि

## ३.१ अध्ययन क्षेत्र छनोटको औचित्य

समाजशास्त्रले समाजमा घट्ने विविध परिघटनाहरुको अध्ययन गर्ने गर्दछ । सामाजिक समस्याको व्याख्या, विश्लेषण र समाधान निकाल्न यसले सहयोग गर्दछ । यसै क्रममा ग्रामिण नेपाली समाजले भोगेका समस्याहरु एवं समयसँगै भित्रिएका सेवा, सुविधा र प्रविधिहरुका बारेमा हामीले विभिन्न लेखरचना, पुस्तक, समाचार आदिबाट तथा आफै पनि देख्दै र भोग्दै आईरहेका छौँ । धेरै नेपाली परिवारहरु प्रस्तुत विषय सँग सम्वन्धित रहेको यथार्थ हामीसँग छ । तसर्थ ग्रामिण परिवारको बदलिदो गृहस्थी रणनीतिका बारेमा अनुसन्धान कार्य गर्नका लागि विषयको छनोट गरिएको हो । सो सम्वन्धी यथार्थ जानकारीका लागि सम्वन्धित क्षेत्रमा नै गएर अध्ययन गर्नुपर्ने भएकोले पातिखोला गाउँमा गई अध्ययन गरिएको हो ।

यो अनुसन्धान कार्यका लागि छनोट गरिएको पातिखोला गाउँ पश्चिम नेपालको गण्डकी अञ्चलस्थित स्याङ्गजा जिल्लाको फापरथुम गाविसमा अवस्थित छ । यो एक पहाडी भेगमा रहेको गाउँ हो । आजभन्दा लगभगदुई दशक अघिसम्म अधिकांश परिवारहरु निर्वाहमुखी कृषिमा आधारित भएर आफैद्वारा उत्पादित खाद्यवस्तुको उपयोग , आर्थिकोपार्जनका लागि भारततिर बढी तथा नेपाली रोजगारमा कम केन्द्रित जनशक्ति रहेका यो गाउँका परिवारहरुमा हाल आएर गृहस्थी सञ्चालन प्रकृयामा बदलाव आएको पाईएको छ । परिवर्तित सोचाई , गराई र परिस्थिति अनुरुप सो गाउँका परिवारमा आएको जिविकोपार्जन तरिका, सामाजिक सम्वन्ध व्यावस्थापन तथा रीतिरिवाज सञ्चालन प्रकृयाका रणनीतिहरुलाई सामाजिक अनुसन्धानको विषयका रुपमा हालसम्म सो गाउँमा कुनै अध्ययन नभएको परिप्रेक्ष्यमा सो गाउँलाई कार्यक्षेत्र बनाइएको छ । नेपालका गाउँहरुमा एउटै जातिय तथा भाषिक समुदायको बसोबास रहेको प्राय धेरै ठाउँहरुमा पाइन्छ । यो गाउँमा पनि एउटै भाषा नेपाली बोल्ने तथा एउटै जाति ब्राह्मण समुदायको मात्र बसोबास रहेकोले प्राय यससँग मिल्दाजुल्दा अन्य गाउँको अवस्थाको समेत अनुमान लगाउन यस क्षेत्रको छनोटले सहयोग गर्दछ ।

## ३.२ अनुसन्धान ढाँचा

यस अनुसन्धानमा प्राप्त तथ्यांकहरुलाइ विविध तरिकाहरु जस्तै तालिका, वृत्तचित्र र बार चार्टका साथै विवरणहरुलाई विस्तृत रुपमा वर्णन गरिएकोले वर्णनात्मक अनुसन्धान ढाचाँ प्रयोग गरिएको छ । एउटा गाउँलाई समग्र मानी यहाँका परिवारमा आएको आमुल परिवर्तन सम्वन्धी अध्ययन गरिने भएकाले यसमा विकासवादी दृष्ट्रिकोण प्रयोग गरिएको छ । गाउँको परिवार व्यवस्थामा आएको हेरफेर सम्वन्धी अध्ययन भएकाले यसमा प्रभाव पार्ने तत्वहरुको व्याख्या र विश्लेषण गरिनेछ ।

## ३.३ तथ्याङ्कको प्रकृति र स्रोत

यस अध्ययनमा प्राथमिक र द्धितिय दुवै खालका तथ्याङ्क संकलन गरिएको छ । निर्दिष्ट गरिएको उद्देश्यमा आधारित रही तथ्याङ्क संकलन गरिएको छ । प्राथमिक स्रोत अर्न्तगत कार्यक्षेत्र अध्ययन, अवलोकन, अर्न्तवार्ता, सुरक्षित अन्तरकृया आदी छन् भने द्धितिय स्रोत अर्न्तगत अध्ययनसँग सम्बन्धित विभिन्न लेख, रचना, जर्नल, पुस्तक तथा अन्य सम्बन्धित साहित्यको सहयोग लिईएको छ ।

## ३.४ समग्र नमुना छनोट विधि

प्रस्तुत अनुसन्धानमा अध्ययनको क्षेत्र स्याङ्गजा जिल्लाको फापरथुम गा. वि स. को पातिखोला गाउँका परिवारलाई समग्रको रुपमा लिई अध्ययन सोही तथ्यांङ्कमा सीमित रहनेछ । यस गाउँमा हाल जम्मा ४० घरधुरी रहेका छन् । यस गाउँका सम्पूर्ण घरधुरीका कम्तीमा एक सदस्यलाइ यस अध्ययनको जनसंख्या हुने गरिएको छ । पहिलेको र अहिलेको स्थितिको बारेमा उत्तर पाउनको लागि यस गाउँमा कम्तीमा २० वर्ष पहिलेदेखि परिचित तथा बसोबास गर्दै आएको परिवार सदस्यलाई उत्तरदाताको रुपमा लिइएको छ , यदि यस्तो सदस्य उपलब्ध नभएमा जो उपलब्ध छ उहीसँग प्राप्त हुन सक्ने जानकारीको तथ्यांक संकलन गरिएको छ ।

## ३.५ पूर्व परीक्षण

अनुसन्धानकर्ताले प्रश्नावली अनुसार अन्तरवार्ता लिने तथा पश्नावली भर्ने गर्नु पूर्व प्रश्नावलीको पूर्व परिक्षण गरिएको थियो । यसको लागि पातिखोलाका ५ घरमा प्रश्नहरु सोधिसकेपछि अस्पष्ट उत्तर आउने जस्ता प्रश्नहरुलाई पुन परिमार्जन गरिएको थियो । पूर्व परीक्षणले प्रश्नहरुको स्पष्टताको परीक्षण मात्र नगरी वर्गीकरणको शुद्धता जाँच गर्न सकिन्छ । शोधपत्र तयार गर्ने क्रममा

आवश्यक तथ्यांङ्क सङ्कलन प्रश्नावलीको संरचना पूर्व परीक्षण गरिएको थियो । यसरी गरिएको पूर्वपरीक्षणको सहायताले शोधपत्रको उद्देश्य अनुरुप तथ्यांङ्क सङ्कंलन गर्नमा सहयोग प्राप्त भएको छ ।

### ३.६ आचार संहिता

कुनै पनि कार्य सफलतापूर्वक सम्पन्न गर्नका लागि त्यसका आफ्नै नियम एवं तरिका हुने गर्दछन् । शोध तथा अनुसन्धान कार्य गर्नका लागि पनि निश्चित आचार संहिताको पालना गर्नुपर्ने हुन्छ अनिमात्र सत्यतथ्य प्राप्त गर्न सकिन्छ । यस अनुसन्धान कार्यमा क्षेत्रगत कार्य गरी तथ्यांक संकलन गर्दा उत्तरदाताहरुलाई स्वतन्त्र रुपमा, कुनै करकापमा नपारी, कोही कसैको प्रभावमा नरही उत्तर संकलन गर्नुपर्ने हुन्छ र अनुसन्धानकर्ताले पनि प्राप्त तथ्यांकलाई सकेसम्म यथार्थरुपमा बाहिर ल्याउनुपर्ने हुन्छ । अतः यस अनुसन्धानमा शोधकर्ताले प्रश्नावली अनुरुप उत्तरहरु भर्दा उत्तरदाताले चाहेको समयमा र उनीहरुको भावनामा कुनै अवरोध नहुने गरी उनीहरुको राजीखुसी अनुसार अन्तर्वार्ता अनुसुची भराइएको थियो ।

### ३.७ तथ्याङ्क संकलन विधि

कुनै पनि अध्ययन अनुसन्धान कार्य सम्पन्न गर्दा विभिन्न तथ्याङ्क संकलन विधिहरु अवलम्वन गरिएको छ । यस अध्ययनमा प्राथमिक र द्वितिय खालका स्रोतलाई आधार मानिएको छ । प्राथमिक स्रोत अर्न्तगत अर्न्तवार्ता, सुरक्षित अन्तरक्रिया तथा समूह छलफलबाट प्रत्यक्ष रुपमा सूचना संकलन गरिएको छ ।

#### क. अन्तर्वार्ता

यस विधिबाट तथ्यांक संकलन गर्न विभिन्न खालका संरचित र असंरचित प्रकृतिका प्रश्नहरु समावेश गरी प्रश्नावली अनुसुची तयार गरिएको छ । अनुसन्धानकर्ता स्वयं अध्ययन क्षेत्रको प्रत्येक उत्तरदाताहरुसँग पुगेर प्रत्यक्ष अन्तरवार्ताद्धारा प्रश्नावली भरी तथ्यांक संकलन गर्ने काम गरिएको छ । व्याक्तिगत रुपमा नजिक भई उनीहरुको मनोभावना बुझी यथार्थताको पहिचान गर्दै प्रश्नावलीमा आधारित भई तथ्यांक संकलन गरिएको छ । यसको लागि अध्ययन क्षेत्रमा गई प्रत्येक घरधुरीमध्ये बिभिन्न लिङ्ग तथा उमेर समुहका कम्तीमा पनि यो गाउँमा वीस वर्ष पहिलेदेखि अनुभव तथा बसोबास गर्दै आएको व्याक्तिमध्ये कम्तीमा पनि एकजनालाई भेटी अन्तरवार्ता प्रश्नावली अनुसुची बमोजिम

प्रश्नोत्तर गरी तथ्यांक संकलन गरिएको छ। यसो गर्दा अत्यन्तै वास्तविक तथ्य पत्ता लागेको विश्वास गरिएको छ ।

### ख.समुह छलफल / मुख्य जानकारहरुसँगको अन्तरक्रिया

यस अध्ययनमा आधारित समुदायका ऐतिहासिक, सामाजिक ,आर्थिक, पेशागत अवस्थाको विस्तृत जानकारीका लागि सामुहिक छलफल, साथै सामाजिक अगुवाहरुसँग छलफल तथा अन्तरक्रिया प्रक्रिया अवलम्वन गरिएको छ । वैयक्तिक अन्तरवार्ताबाट आएको तथ्यलाई अझ सत्यता थप्नका लागि यस विधिले सहयोग पु-याएको छ ।

### ग. सुरक्षित अन्तरकृया

यस विधिमा अध्ययनकर्ताले आफूलाई चाहिने आवश्यक सूचनाहरु सामान्य कुराकानीका रुपमा प्राप्त गर्न सक्दछ । यो विधिका लागि समाजका विभिन्न सदस्यहरुसँग सजिलै घुलमिल हुन सक्ने खुबी अनुसन्धानकर्तासँग हुनुपर्ने हुन्छ ।  यस प्रकारको अन्तरक्रिया खुला रुपमा गरिने भए पनि अन्तरक्रियाको विषय भने अनुसन्धानकर्ता र उत्तरदातालाई मात्र थाहा हुन्छ । विशेष गरेर यो विधि उत्तरदातासँग सम्वन्धित जानकारीभन्दा पनि अन्य व्याक्ति सँग सम्वन्धित सूचना  संकलन गर्नका लागि प्रयोग गरिन्छ । यस विधिलाई अनौपचारिक अन्तरवार्ताका रुपमा पनि लिन सकिन्छ । यस विधिबाट बढी गोप्य र भित्री सत्यतथ्यको ज्ञान प्राप्त गर्न सकिने विश्वास गरिएको छ । सोही विधि अनुसार अनुसन्धानकर्ताले केही मानिसहरुसँग सुरक्षित अन्तरकृया समेत गरी तथ्यांक संकलन गरिएको छ ।

## ३.८ तथ्याङ्क प्रस्तुतीकरण र विश्लेषण

संकलन गरिएका तथ्याङ्कहरुलाई आवस्यकता अनुसार वर्णनात्मक र विवरणात्मक रुपमा विश्लेषण गरिएको छ । सामान्तया प्राप्त तथ्याङ्कहरुलाई तालिकिकरण, प्रतिशत, पाईचार्ट र बार चार्टको माध्यमबाट तथ्याङ्क विश्लेषण गरिएको छ । यसको लागी आवस्यकता अनुसार तथ्याङ्कको व्याख्या र विश्लेषण पनि गरिएको छ ।

## ३.९ अध्ययनका सीमा

यो अध्ययन एउटा नेपाली पहाडी गाउँका परिवारमा आधारित भएर गरिएको शैक्षिक अध्ययन हो । कुनैपनि निश्चत लैङ्गिक, जातीय, भाषीक, वर्गीय अध्ययन भन्दापनि ग्रामिण समाजको परिवर्तनका कारण र प्रभाव हरुलाई समग्रतामा अध्ययन गर्दछ । यो एउटा निश्चित समय, धनराशि र अन्य स्रोतहरुको सीमाभित्र गर्नुपर्ने हुन्छ । यस अध्ययनले व्याख्यात्मक तथा वर्णनात्मक शैलीको प्रयोग गरी अवस्थाको विश्लेषण  गर्दछ । यो अनुसन्धान कार्य विशेष गरेर पश्चिम नेपालको गण्डकी अञ्चल स्याङ्गजा जिल्लास्थित फापरथुम गाविसमा रहेको पातिखोला गाउँका ४० वटा परिवारलाई समावेश गरेर गरिएकोले त्यस ठाउँ भन्दा बाहिरको स्थानलाई यसले प्रतिनिधित्व गर्दैन तर यस गाउँसँग मेल खान सक्ने अन्य गाउँको भने अवस्य गर्दछ ।

# अध्याय चार

## परिवारको  स्वरुप र यसको परिवर्तित अवस्था

मानव समाजको परिवर्तन एक निरन्तर भैरहने प्रकृया भएपनि यसको गति तथा स्वरुप भने एकै प्रकारको नभएको हामीले देख्दै, भोग्दै, पढ्दै, सुन्दै आइरहेका छौ । नेपाली समाजलाइ हेर्ने हो भने पनि शहरी समाज र ग्रामिण समाजको परिवर्तनको स्वरुप एकै प्रकारको छैन । अतः यो अध्यायमा ग्रामिण नेपाली परिवारमा आएको परिवर्तनलाई तथ्यगत रुपमा प्रस्तुत गर्नका लागि परिवारको संख्या, उमेर समुह, पशुपालन, कृषि, उपभोग्य सामान आदि विविध विषयमा अन्तरवार्ता प्रश्नावली तयार गरी विश्लेषण गरिएको छ ।

अहिलेको समयमा नेपाली ग्रामीण परिवारको बदलिदो स्वरुप,  परिवारले भोग्नुपरेको  समस्या तथा ती समस्याहरुसँग जुध्न परिवारले लिएको रणनीति पत्ता लगाउनु नै यो अनुसन्धान कार्यको उद्देश्य रहेकोले अनुसन्धान क्षेत्रका रुपमा पातिखोला गाउँलाइ छनोट गरी, पटक-पटक  उक्त क्षेत्रको भ्रमण गरी तथ्यांक संकलन गरिएको छ । यसरी विभिन्न तरिका तथा माध्यमबाट संकलन गरिएका तथ्यांकहरुलाई फरक-फरक ढंगले व्याख्या तथा विश्लेषण गरिएको छ । अन्तरवार्ताको लागि तयार पारिएको अन्तरवार्ता अनुसूची अनुसार परिवारको अवस्थाबारे लिइएका जानकारीहरुलाई विभिन्न माध्यमहरु जस्तैः तालिकीकरण, पाई चार्ट, बार चार्ट तथा वर्णन गरेर तथ्यांकलाई बुझ्न सरल बनाइएको छ ।

### ४.१ परिवारको औसत आकार

परिवारको आकारले परिवार सञ्चालन प्रकृयामा निकै ठूलो प्रभाव पार्दछ । कुनै पनि परिवारमा सिमित श्रोत र साधन हुन्छ । त्यही श्रोत तथा साधनलाइ सम्पूर्ण परिवारका सदस्यहरुले उपभोग र उपयोग गर्नुपर्ने हुन्छ । यदि परिवारको आकार सानो छ भने थोरै श्रोतसाधनले पनि पुग्दछ भने ठूलो आकारको परिवारको लागि धेरै श्रोतसाधनको आवश्यक पर्दछ । त्यसैले उक्त गाउँमा आजभन्दा २० वर्ष पहिले र अहिलेको परिवारको आकार पत्ता लगाउनको लागि जम्मा ४० उत्तरदाताहरुमध्ये ३७ जना मात्र विगत २० वर्षभन्दा बढी यो गाउँमा  बस्दै आएकोले पहिलेको परिवारको आकारका लागि ३७

परिवारको औसत निकालिएको छ भने अहिलेको लागि ४० वटै परिवारको गणना लिईएको छ । लिईएको तथ्यांकलाइ तालिका मार्फत् प्रस्तुत गरिएको छ ।

तालिका नं ४.१ परिवारको आकारमा देखिएको परिवर्तन

| | पहिले | अहिले |
|---|---|---|
| जम्मा सदस्य संख्या | १८९ | ११६ |
| परिवार संख्या | ३७ | ४० |
| औसत परिवार सदस्य संख्या | ५.१ | २.९ |

स्रोत : स्थलगत सर्वेक्षण २०७३

तलिका नं ४.१ अनुसार पहिलेका ३७ वटा परिवारको औसत परिवार संख्या ५.१ छ भने अहिले त्यो संख्या घटेर २.९ पुगेको छ । २०६८ सालको जनगणना अनुसार फापरथुम गाविसको औसत परिवार सदस्य संख्या ४ थियो भने पातिखोला गाउँ रहेको वार्ड नं ५ को औसत परिवार सदस्य संख्या ३.३७ थियो जबकी नेपालको औसत परिवारको आकार ४.८८ रहेको थियो । यसअनुसार हेर्ने हो भने परिवारको आकार पछिल्ला ५ वर्षमा पनि केही घटेको पाईएको छ । परिवारको आकारमा आएको यो परिवर्तन निकै नै ठूलो परिवर्तन हो । एकल परिवारमा आएको बढोत्तरी , परिवारका सदस्यहरु विविध कारणहरु (जस्तैः रोजगार, शिक्षा, व्यावसाय आदि) ले गाउँ नबस्ने गरेको अवस्था तथा थोरै सन्तान जन्माउनुपर्छ भन्ने धारणाको विकास को कारण परिवारको आकार सानो भएको पाईएको छ ।

## ४.२ परिवारका सदस्यहरुको उमेर समुह

परिवार विभिन्न उमेर समुहका सदस्यहरु मिलेर बनेको हुन्छ । उमेर अनुसार सदस्यको भूमिकामा पनि परिवर्तन हुने भएको तथा उत्पादनमा पनि फरक पर्ने हुँदा उमेर अनुसारको परिवारको अध्ययन हुनु जरुरी देखिएको हो । पहिले र अहिलेको परिवारको स्वरुपको बारेमा तुलना गर्नको लागि विभिन्न उमेर समुहमा रहेका परिवारका सदस्यहरुको संख्याको तथ्यांकलाइ तालिकाको माध्यमबाट बुझाउने प्रयास गरिएको छ ।

तालिका नं.४.२ उमेर अनुसार परिवारको बनावटमा आएको परिवर्तन

| | पहिले | | अहिले | |
|---|---|---|---|---|
| उमेर समुह | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| ०-२० | १०८ | ५७.१४ | ३२ | २७.५९ |
| २१-४० | ४० | २१.१६ | २२ | १८.९६ |
| ४१-६० | ३१ | १६.४० | २५ | २१.५५ |
| ६० भन्दा माथि | १० | ५.२९ | ३७ | ३१.९० |
| जम्मा | १८९ | १०० | ११६ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७३


तलिका नं ४.२ देखाइएको तथ्यांक अनुसार पहिलेको परिवारमा २० वर्षमुनिका केटाकेटी धेरै ५७.१४ प्रतिशत थिए र ६० बर्ष माथिका सदस्य सवैभन्दा कम ५.३ प्रतिशत थिए भने अहिले २० वर्षमुनिका केटाकेटीको संख्या २७.५९ प्रतिशत र ६० बर्ष माथिका सदस्य ३१.९ प्रतिशत रहेका छन् । संख्यात्मक हिसाबले हेर्ने हो भने अहिलेको परिवारमा २० देखि ६० वर्षसम्मका सदस्यको संख्या पहिलेको परिवारको तुलनामा कम छ । २०६८ को जनगणना अनुसार नेपालमा १५ देखि ५९ वर्ष उमेरसमूहको जनसंख्या ५४ प्रतिशत मात्र छ जसअनुसार हाल गाउँमा भने यो संख्या कम रहेको पाईयो । यसरी पातिखोलामा पहिले केटाकेटीको संख्या धेरै हुनुमा त्यो समयमा जन्मदर बढी रहेको, केटाकेटीलाई गाउँमै पढाउने चलन तथा अहिले झै सकेसम्म शहरमा केटाकेटी पढाउन लैजाने भन्ने अभिभावकको सोच नरहेको कारण पाइयो । यसैगरी अहिलेको परिवारमा ६० वर्ष भन्दा माथिको जनसंख्या धेरै भएको पाइएको छ जसले गर्दा गाउँमा उत्पादनशील जनशक्ति कम भएको तथा बृद्धबद्धाको संख्या बढी रहेको पाइयो ।

### ४.३ घरको छाना छाउने तरिका

घरको बनावट तथा त्यसको छानालाइ कुनैपनि परिवार तथा समुदायको पहिचानको रुपमा लिने गरिन्छ । हाल गाउँका सबैजसो घरमा जस्ताको छाना रहेको तथा तीनवटा घरहरु निकै पुराना घुमाउने गारो लगाएको तथ्य पूर्वअनुसन्धान सर्भेबाट जानकारी भएको छ । त्यसैगरी जस्ताको छाना हुनुपूर्व आफ्नै गाउँठाउँमा पाइने छ्वाली तथा खरको प्रयोग गरिन्थ्यो भन्ने तथ्य पनि पूर्व अनुसन्धान

सर्भेबाट प्राप्त भएकोले अझ विस्तृत तथ्यका लागि पछिल्लो वीस वर्षको समयभित्र तपाइको छाना फेरीएको छ भनी ३७ परिवारलाइ प्रश्न राख्दा प्राप्त उत्तरलाई पाइ चार्टबाट देखाइएको छ ।

चित्र नं ४.१ घरको छाना छाउने तरिकामा भएको परिवर्तनको विवरण




स्रोत : स्थलगत सर्वेक्षण २०७३

चित्र नं ४.१को पाई चार्ट अनुसार पातिखोला गाउँमा पहिले देखि नै जस्ताको छाना छाउने प्रचलन बढ्दो क्रममा रहेको तथा पछिल्लो दुइ दशकको अवधिमा बाँकि ३७.८४ प्रतिशत घरमा पनि जस्ताको छाना प्रयोग गरिएको पाइएको छ । राष्ट्रिय जनगणना २०६८ का अनुसार नेपालमा १९.०३ प्रतिशत घर अझै पनि खर/छ्वालीले छाएका छन् । तर अहिले पातिखोलामा भने सबै घरहरु जस्ताले छाएको देख्न सकिन्छ । यसरी खर तथा छ्वालीले घर छाउने प्रचलन हटेको कारणमा जस्ताको सहज उपलब्धता, छाना छाउने सीप भएको व्याक्तिको कमी, वेलावेलामा मर्मत गरिरहनुपर्ने झन्झटिलो कामले गर्दा हो भनी उत्तरदाताहरु बताउँदछन् ।

## ४.४ परिवारमा अनुपस्थित सदस्य

आफ्नो स्थायी घर तथा ठेगाना पातिखोला भएपनि रोजगारी, अध्ययन तथा व्यावसायका लागि गाउँबाहिर रहेका परिवारका सदस्यलाइ अनुपस्थित सदस्य भनिएको हो । परिवार सञ्चलन रणनीतिका

लागि अनुपस्थित सदस्यहरुको प्रभाव धेरै नै परेको हुन्छ। परिवारलाई देशविदेशसँग जोड्न, नयाँनयाँ सभ्यता तथा प्रविधि भित्र्याउन, आर्थिक उत्पादनमा पनि अनुपस्थित सदस्यको भूमिका हुन्छ। यहाँ पहिलेको ३७ वटा र अहिलेका ४० परिवारमा अनुपस्थित सदस्य संख्यालाइ तालिकाद्धारा प्रस्तुत गरिएको छ।

तालिका नं ४.३ परिवारमा अनुपस्थित भएका सदस्य संख्याको विवरण

| | अनुपस्थित संख्या |
|---|---|
| पहिले(३७ परिवारबाट) | २० जना |
| अहिले(४० परिवारबाट) | ९२ जना |

स्रोत : स्थलगत सर्वेक्षण २०७३

तालिका नं ४.३ को तथ्यांक अनुसार पहिलेभन्दा अहिले गाउँ छोड्नेको संख्या अत्याधिक अर्थात् पहिले ३७ परिवारबाट २० जना र अहिले ४० परिवारबाट ९२ जना रहेको पाइएको छ। यसो हुनुको मुख्य कारणहरुमा गाउँमा श्रोतसाधन सिमित हुनु, पहिलेभन्दा अहिले गाउँबाहिर अवसरहरु धेरै हुनु, गाउँ छोड्ने लहरले प्रभावित हुनुजस्ता कारणहरु रहेको स्थलगत अध्ययनका क्रममा पाइएको छ।

## ४.५ अनुपस्थित सदस्यको गन्तव्य

मानिसहरु गाउँ छोडेर बाहिर बस्नुपर्ने प्रमुख कारणहरुमा रोजगार, शिक्षा, स्वास्थ्यजस्ता सुविधाको खोजी तथा उपभोग गर्नका लागि हो तर पहिले र अहिले यी कारणहरु उस्तै नै भए पनि जाने स्थानको प्राथमिकतामा भने परिवर्तन भएको पाइएको छ जसलाइ तालिकाद्धारा प्रस्तुत गरिएको छ।

तालिका नं ४.४ अनुपस्थित सदस्यहरु गएको स्थानको विवरण

| | नेपाल | भारत | अन्य | जम्मा |
|---|---|---|---|---|
| पहिले(३७ परिवारबाट) | २ | १८ | ० | २० जना |
| अहिले(४० परिवारबाट) | ७७ | ३ | १२ | ९२ जना |

स्रोत : स्थलगत सर्वेक्षण २०७३

तालिका नं ४.४ को तथ्यांक अनुसार पहिले घर छोडेर बाहिर जाने सदस्यको संख्या निकै कम अर्थात् ३७ परिवारबाट २० जना रहेकोमा २ जना मात्र नेपालभित्रै रहेको र बाँकी १८ जना भारतमा गएको पाइएको छ । तर अहिलेको तथ्यांक अनुसार घरबाहिर रहेका सदस्य संख्या अत्याधिक अर्थात् ४० परिवारबाट ९२ जना रहेकोमा नेपालभित्रै ७७ जना भारतमा ३ जना र अन्य देशहरुमा जाने १२ जना रहेका छन् । अन्य देशहरु भन्नाले विशेष गरी खाडी राष्ट्र तथा मलेशिया, कोरिया जस्ता देशहरुमा वैदेशिक रोजगारका लागि जानेहरु धेरै रहेको पाईएको छ । नेपालभित्रै गाउँ छोडेर बाहिर बस्नुपर्ने कारणहरुमा विशेषगरी रोजगार, व्यापार , शिक्षा तथा शहरमा बच्चाबच्ची पढाउने भन्ने कारणहरु रहेको पाइएको छ । यो तथ्यांकले के पनि देखाउँछ भने नेपालका शहरको जनसंख्या बढ्ने क्रम पहिले भन्दा अहिले निकै बढी रहेको छ ।

## ४.६ मुख्य आम्दानीको श्रोत

कुनैपनि परिवारमा एक वा सो भन्दा बढी आम्दानीका श्रोतहरु हुन सक्दछन् । त्यसो भएतापनि सबैभन्दा भरपर्दो आम्दानीको श्रोतलाई उत्तरदाताले मुख्य आम्दानीको रुपमा लिएका छन् । तपाइको परिवारको मुख्य आम्दानीको श्रोत के हो भन्ने प्रश्नको उत्तरलाई तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं ४.५ परिवारको मुख्य आम्दानीको श्रोतमा आएको परिवर्तन विवरण

| | कृषि | रोजगारी | वैदेशिक रोजगारी | पेन्सन | व्यापार | जम्मा |
|---|---|---|---|---|---|---|
| पहिले | २४ | ५ | ४ | ३ | १ | ३७ |
| प्रतिशतमा | ६४.८६ | १३.५१ | १०.८१ | ८.१२ | २.७० | १०० |
| अहिले | १८ | १४ | ८ | ५ | ४ | ४० |
| प्रतिशतमा | ४५ | १२.५ | २० | १२.५ | १० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

तालिका नं ४.५ को अनुसार परिवारको आम्दानीको बारेमा अध्ययन गर्दा पहिलेको समयमा आम्दानीका स्रोतहरु सिमित थिए । नेपालमै जागिर गर्नेहरुको संख्या कम थियो । कमाउनको लागि विदेश (लाहुर) जानेहरु भारतीय सेना तथा अन्य न्यून आयको नोकरी गर्ने गर्दथे । अतः उनीहरुको कमाई घरखर्चमा सहयोगी मात्र हुन्थ्यो , खेतीपाती नगरी खान नपुग्ने हुन्थ्यो । कृषिलाइ नै मुल आम्दानी मान्ने परिवार ६४.८६ प्रतिशत थिए भने हाल आएर परिस्थिति धेरै परिवर्तन भएको छ ।

आम्दानीका अवसरहरु फराकीलो भएका छन् । कृषिलाई केवल निरन्तरताको रुपमा मात्र लिने परिवारको संख्या बढ्दो छ । नेपालमा रोजगार तथा वैदेशिक रोजगारको संख्या पनि उल्लेख्य मात्रामा बढेको छ । यहाँका मानिसहरुले कृषि पेशालाइ दुखी पेशाको रुपमा लिने गरेका छन् । अत: अहिले कृषिलाइ मुख्य आम्दानी मान्ने परिवारको संख्या ४५ प्रतिशतमा झरेको तथ्य छ ।

### ४.७ शहरको आकर्षण

नेपाल एक गाउँ नै गाउँले भरिएको देश भएपनि हाल मानिसहरु शहरमा बढी केन्द्रित हुन थालेका छन् । राष्ट्रिय जनगणना २०६८ अनुसार नेपालको १७ प्रतिशत जनसंख्या शहरमा बसोबास गर्दछन् । पछिल्लो समयमा नयाँ शहरहरु बन्ने क्रम बढ्दो छ भने शहरको जनघनत्व पनि बढ्दो छ । तरपनि गाउँको आकर्षणमा कमी आएको छैन । कसैले गाउँमा बस्नुलाई गौरवको रुपमा लिएका हुन्छन् भने कसैले बाध्यताको रुपमा , यसै क्रममा उनीहरुलाई गाउँमा बस्नु रहर हो कि बाध्यता भनी सोधिएको प्रश्नमा उनीहरुको जवाफलाई तालिकको रुपमा प्रस्तुत गरिएको छ ।

तालिका नं ४.६ शहर जान इच्छा राख्ने परिवारको विवरण

| | संख्या | प्रतिशतमा |
|---|---|---|
| रहर | ९ | २२.५ |
| बाध्यता | ३१ | ७७.५ |


स्रोत : स्थलगत सर्वेक्षण २०७३

तलिका नं ४.६ को तथ्यांकमा देखाइए अनुसार आफू गाउँमा बाध्य भएर मात्र बसेको श्रोत र साधनले पुगे शहरमा बस्ने मन भएको भन्दै ७७.५ प्रतिशतले शहर मन पराउने बताएका छन् भने २२.५ प्रतिशत मात्र गाउँ नै ठीक मानी आफू श्रोत र साधनले पुगेपनि गाउँ छोडेर नजाने बताएका छन् । यसरी गाउँ नै मन पराउनेले गाउँ मन पर्नुमा आफू गाउँमै अभ्यस्त भैसकेको, गाउँको वातावरण र हावापानी स्वच्छ रहेको, गाउँमा आफूले मानसम्मान, स्नेह पाइरहेको तथा आफूले पनि गाउँमा नै केही राम्रो काम गर्ने इच्छा रहेको तर्क राखेका छन् भने शहर मन पराउनेले शहरी जीवन सुखी हुने, सुविधा र अवसर पाईने भन्ने तर्क राखेका छन् ।

## ४.८ कृषि उत्पादनमा निर्भरता

नेपालमा अधिकांश मानिसहरु कृषि पेशमा संलग्न भएतापनि उनीहरुको उत्पादनले आफ्नो परिवारलाई नै धान्न नसक्ने स्थिति देख्न सकिन्छ । पातिखोला गाउँ पनि त्यही परिस्थितिले गुज्रिरहेको पाइएको छ । त्यहाँका वासिन्दाले गरेको कृषि उत्पादनको अवस्था जान्नको लागि पहिले र अहिलेको तुलनात्मक विवरण वृत्तचित्रमा प्रस्तुत गरिएको छ ।

चित्र नं ४.२ कृषि उत्पादनले परिवार धान्न पुग वा अपुग सम्वन्धी विवरण




स्रोत : स्थलगत सर्वेक्षण २०७३

चित्र नं ४.२ अनुसार जम्मा ३७ परिवारबाट लिइएको उत्तरमा पहिले पुग्थ्यो अहिले पुग्दैन भन्ने परिवार १६.२२ प्रतिशत रहेका छन् । यसरी पहिले पुगेपनि अहिले नपुग्नुको मुख्य कारण खेतीपाती गर्न नै नसकेकोले जग्गा बाँझो छोडेको तथा अरुलाई नै कमाउन दिएकोले हो भन्ने उत्तर दिएका छन् । ८.११ प्रतिशत परिवारले पहिले नपुगेपनि अहिले पुग्ने बताएका छन् , यसो हुनाको कारण पहिले परिवारमा संख्या धेरै भएको र अहिले थोरै संख्या भएकोले हो भन्ने उत्तर दिएका छन् । २९.७३ प्रतिशतले आफ्नो परिवारको नाममा रहेको जग्गा ज्यादै न्यून भएकोले जे गरे पनि त्यहाँ भएको

उत्पादनले परिवारलाइ खान नपुग्ने बताएका छन् भने ४५.९४ प्रतिशतले पहिलेदेखि नै आफ्नै उत्पादनले पुगेको जानकारी दिएका छन् ।

## ४.९ बचतको पैसाको उपयोग

ग्रामीण नेपाली समाज अधिकांश रुपमा अभाव र गरीवी लिएर बाँचिरहेको छ । दिनरात काम गर्दा पनि परिवार धान्न धौधौ पर्ने विभिन्न उदाहरण यस गाउँमा पनि रहेको पाइयो । बचतको वारेमा गरिएको प्रश्नमा प्राय:जसो उत्तरदाताले बचत नै नहुने भन्ने उत्तर दिएका छन् । अझ अहिलेभन्दा पहिलेको समयमा परिवारमा  आम्दानी र खर्च उस्तै नै हुने गरेको ,अझ अपुग हुने गरेको भन्ने पाइयो । त्यसै क्रममा यदि तपाईले पैसा बचाउनुभयो भने के गर्नुहुन्छ र पहिले के गर्नुहुन्थ्यो? भन्ने प्रश्नको जवाफमा पाइएको उत्तरलाइ तालिकाबाट तल प्रस्तुत गरिएको छ ।

तालिका नं ४.७ बचत गरिएको पैसाको उपयोग सम्बन्धी तुलनात्मक विवरण

| | घरमै राख्ने | व्याज लगाउने | घरजग्गा किन्ने | बैंकमा राख्ने | जम्मा |
|---|---|---|---|---|---|
| पहिले | १४ | ८ | १२ | ३ | ३७ |
| प्रतिशतमा | ३७.८४ | २१.६२ | ३२.४३ | ८.११ | १०० |
| अहिले | ५ | ६ | ११ | १८ | ४० |
| प्रतिशतमा | १२.५ | १५ | २७.५ | ४५ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७३

तालिका नं १.७ को तथ्यांकअनुसार बचत भएको पैसालाई उपभोग गर्ने तरिकामा  पहिले र अहिले भिन्नता देखिएको छ । पहिलको समयमा बचत भएको पैसालाई घरमै बाकसमा थन्क्याएर राख्ने गरेको भनी ३७.८४ प्रतिशतले उत्तर दिएका छन् । पहिले बैंक, सहकारी तथा बचत समुहहरुमा पैसा जम्मा गर्ने भन्ने निकै कम अर्थात् ८.११ प्रतिशत पाइयो भने हाल आएर बैंक , सहकारी तथा बचतहरुमा पैसा जम्मा गर्ने गरेको पाइएको छ ।अहिले पातिखोलामा पनि माछापुच्छ्रे बचत समुहमा मासिक १०० रुपैया र ग्रामिण महिला बचत समुहमा मासिक रु ५० का दरले जम्मा गर्ने गरेको उत्तरदाताहरुले बताएका छन् । प्रायजसो सबै परिवारहरुले बैंक वा सहकारीमा आफ्नो खाता रहेको बताएका छन् । अलि धेरै आम्दानी भएमा जग्गा जमिन जोड्ने  चलन पहिले देखि नै कायम रहेको

पाइयो तर पहिले गाउँमै जग्गामा लगानी गर्ने गरेकोमा अहिले सकेसम्म शहरी क्षेत्रमा किन्ने गरेको पनि क्षेत्रगत अध्ययनबाट थाहा हुन आएको छ ।

### ४.१० ऋण जुटाउने रणनीति

बचत गर्ने तरिकामा फरकपन आएजस्तै ऋण आवश्यक परेमा लिने तरिकामा पनि बदलाव आएको पाइएको छ । सोही क्रममा तपाइलाइ यदि ऋण आवश्यक परेमा कसरी लिनुहुन्छ भन्ने प्रश्नको जवाफलाइ तलको तालिकाबाट देखाइएको छ ।

तालिका नं ४.८ ऋण आवश्यक परेमा जुटाउने तरिका विवरण

| | सापटी लिने | ब्याजमा लिने | जिन्सी बेच्ने | बैंक/सहकारी/बचतबाट | जम्मा |
|---|---|---|---|---|---|
| पहिले | ५ | २० | १२ | ० | ३७ |
| प्रतिशतमा | १३.५१ | ५४.०६ | ३२.४३ | ० | १०० |
| अहिले | ० | ९ | ६ | २५ | ४० |
| प्रतिशतमा | ० | २२.५ | १५ | ६२.५ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७३

तालिका नं ४.९ को तथ्यांकलाइ अध्ययन गर्दा आजभन्दा वीस वर्षअघिसम्म पनि बैंक, सहकारी तथा बचत समुहहरुको प्रभाव गाउँमा नपरेको देखियो भने हाल आएर यसको आकर्षण निकै बढेको देखियो । ६२.५ प्रतिशत परिवारले ऋण लिन परेमा बैंक, सहकारी वा बचतबाट लिने उत्तर दिएका छन् । गाउँमा नै कोही पैसा हुनेहरुसँग ब्याजमा ऋण लिने क्रम पहिले ५४.०६ रहेकोमा अहिले घटेर २२.५ प्रतिशतमा झरेको पाइयो । अहिलेका मानिसहरुमा बिना ब्याज सापटी पैसा पाइन्छ भन्ने सोच नरहेको पनि अध्ययनका क्रममा पाइएको छ ।

### ४.११ पशुपालन

गाउको जीवनशैली भन्ने वित्तिकै खेतीपाती तथा पशुपालन साथसाथै आउने गर्दछ । गाउँमा वस्ती पातलिदै जाँदा तथा काम गर्नसक्ने जनशक्तिको अभाव हुंदा पशुपालनको अवस्था पनि घट्दो क्रममा रहेको अध्ययनमा देखिएको छ । त्यसैले पहिलेको र अहिलेको परिवारमा के कति वस्तुभाउ पाल्नुभएको छ भन्ने प्रश्नको जवाफलाई तालिकामार्फत तल प्रस्तुत गरिएको छ ।

तालिका नं ४.९ पालिएका गाईवस्तुको संख्यामा भएको परिवर्तन विवरण

| | भैसी/राँगा | गाई/गोरु | बाखा |
|---|---|---|---|
| पहिले | ७३ | ३२ | ७० |
| अहिले | ४८ | ११ | २३ |

स्रोत : स्थलगत सर्वेक्षण २०७३

तालिका नं ४.८ को तथ्यांक अनुसार पहिलेका ३७ परिवारले पालेका वस्तुभाउको संख्या अहिलेको ४० परिवारले पालेको भन्दा निकै बढी रहेको देखिएको छ । गाइगोरु र बाखा पाल्ने प्रचलनमा झन् निकै कमी आएको देखिएको छ । पहिले भैसीपालनबाट उत्पादित दूध आम्दानीको एक स्रोत थियो भने खेतीपाती गर्नका लागि प्रायजसो घरमा गोरु पाल्ने गरिन्थ्यो । अध्ययन अनुसार अहिले गाउँमा एउटा पनि राँगा र गाई नभएको पाइएको छ । सम्पुर्ण गाउँ हिन्दू समुदाय भएपनि विविध धार्मिक गतिविधिका लागि गाई आवश्यक परेमा अन्य गाउँमा जानुपर्ने अवस्था रहेको पाइयो । यसैगरी बाखा पालनमा पनि रुचि घट्दै गएको देखिएको छ । यसरी पशुपालनमा कमी आउनुमा काम गर्ने जनशक्ति कम हुनु , पशुपालनलाई व्यावसायिकीकरण नगरीएकोले आम्दानी कम हुनु जस्ता कारणहरु रहेको पाईयो ।

## ४.१२ कामदारको व्यावस्थापन

गाउँ भन्ने वित्तिकै केही न केही मात्रामा खेतीपाती सबै परिवारले गरेका हुन्छन् । पातिखोलामा पनि सबैजसो परिवारले धेरै वा थोरै मात्रामा खेती गरेको पाइएको छ । खेती गर्नका लागि कामदारको आवश्यक पर्दछ । पहिले र अहिले कामदारको व्यावस्था कसरी गर्ने गरिएको छ भन्ने प्रश्नको उत्तरलाइ तलको तालिकामार्फत् प्रस्तुत गरिएको छ ।

तालिका नं ४.१० बालीनाली लगाउन कामदार जुटाउने तरिका

| | अर्मपर्म | ज्यालादारी | ठेक्का | आफैले | जम्मा |
|---|---|---|---|---|---|
| पहिले | २० | २ | ० | १५ | ३७ |
| प्रतिशतमा | ५४.०५ | ५.४१ | ० | ४०.५४ | १०० |
| अहिले | ३ | २७ | ६ | ४ | ४० |
| प्रतिशतमा | ७.५ | ६७.५० | १५ | १० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७३

तालिका नं ४.९ को तथ्यांक अनुसार पातिखोलामा खेतीपाती गर्नका लागि पहिले पहिले मुख्य रुपमा अर्मपर्मबाट नै जनशक्ति व्यावस्था गरिने रहेछ अर्थात् ५४.०५ प्रतिशत जनशक्ति अर्मपर्मबाट जुट्ने रहेछ तर अहिले त्यो संख्या ७.५ प्रतिशतमा झरेको छ । यसो हुनुको कारणमा गाउँमा धेरै वृद्घावृद्घा मात्र हुनु तथा नयाँ पुस्ताहरु खेतीपातीभन्दा अन्य अवसरको खोजीमा रहेको उत्तरदाताहरु बताउँदछन् । पहिले सबै परिवारले आफ्नो जग्गामा आफै खेती गर्ने गरेकोमा अहिले १५ प्रतिशतले ठेक्का दिएर खेतीपाती लगाएको पाइयो । आफ्नो परिवारका सदस्यले नै मुख्य रुपमा खेतीपाती लगाउने परिवार संख्या पहिले ४०.५४ प्रतिशत रहेकोमा अहिले त्यो संख्या १० प्रतिशतमा पुगेको छ भने अहिले ६७.५ प्रतिशत परिवारले ज्यालादारी कामदार खोजेर खेतीपाती गर्ने गर्दछन् जुन पहिले मात्र ५.४१ प्रतिशत थियो ।

## ४.१३ खेती गर्नका लागि समस्या

पहिलेदेखि नै खेतीपातीमा निर्भर हुँदै आइरहेको नेपाली ग्रामिण परिवारले अहिले खेतीपाती गर्नमा झन् धेरै चुनौतीहरु थपिएको महसुस गरेको छ । त्यसैले गर्दा खेतीपाती गर्नु दुखको काम भएको र कम उत्पादक रहेको उनीहरुको भोगाइ रहेको छ । ती चुनौती र अप्ठ्याराहरु तपाइँका लागि प्रमुख के पाउनुभएको छ भन्ने प्रश्नको उत्तरलाइ तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं ४.११ बालीनाली लगाउन गाह्रो भएको कारणहरुको विवरण

| | परिवारमा काम गर्न सक्ने सदस्य नहुनु | पैसा तिरेर पनि कामदार नपाउनु | लगानीभन्दा उत्पादन कम हुनु | अन्य | जम्मा |
|---|---|---|---|---|---|
| परिवार संख्या | १३ | १८ | ६ | २ | ३७ |
| प्रतिशतमा | ३५.१३ | ४८.६५ | १६.२२ | ५.४० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७३


तालिका नं ४.१० को तथ्यांक अनुसार ज्यालादारी मजदुर पनि पाउन नसकेकोले खेतीपाती गर्नु नै चुनौती भएको ४८.६५ प्रतिशतले उत्तर दिएका छन् । यसैगरी ३५.१३ प्रतिशतले परिवारमा काम गर्न सक्ने सदस्य नै नभएकोले खेतीपाती लगाउन समस्या भएको बताएका छन् । खेतीपाती लगाउन खर्च लाग्ने तथा सोही अनुसारको उत्पादन नभएको समस्या १६.२२ प्रतिशतले देखाएका छन् भने ५.४

प्रतिशतले कृषिलाई व्यावसायिक गर्न नसकिएको , केही व्थावसायिक कृषि उत्पादनले बजारभाउको उथलपुथल बेहोर्नुपरेको जस्ता अन्य तथ्यहरु बाहिर ल्याएका छन् ।

### ४.१४ बाँझो जमीन

नेपाल एक कृषिप्रधान देश हो तर पछिल्लो समयमा विविध कारणले पहिले खेती गर्ने गरिएको जमिनहरु बाँझै रहने गरेको देखिएको छ । पातिखोला गाउँमा  पनि यो अवस्था रहेको पूर्व अनुसन्धान सर्भेका क्रममा देखिएकोले अन्तरवार्ताका क्रममा तपाईको परिवारमा खेती गर्ने गरिएको तर अहिले नगरिएको कुनै जग्गा छ भनी प्रश्न सोधिएको थियो सो को उत्तरलाई वृत्तचित्रमा देखाइएको छ ।

चित्र नं ४.३ जग्गा बाँझो रहेको परिवारको संख्या देखाउने वृत्तचित्र





स्रोत : स्थलगत सर्वेक्षण २०७३

चित्र नं ४.३ मा देखाईएको वृत्तचित्र अनुसार ३७ परिवारबाट लिइएको उत्तरमा  ६७.५७ प्रतिशतले उनीहरुको केही मात्रामा भएपनि जग्गा बाँझै राखेको बताएका छन् । यसरी  खेती नलगाइएको जग्गा तुलनात्मक रुपमा कम खेती हुने, टाढाको ठाउँ तथा बाँदर लाग्ने भएको बताएका छन् भने ३२.४३ प्रतिशतले आफ्नो सबैजसो जग्गामा पहिलेजसरी नै खेतीपाती गर्ने गरेको बताएका छन् ।

## ४.१५ व्यावसायिक खेतीपाती

ग्रामिण नेपाली समाज विशेष गरी पहाडी क्षेत्रमा निर्वाहमुखी कृषि प्रथा नै पहिलेदेखि चलिआएको छ । तर पछिल्लो समयमा कृषकहरु व्यावसायिक रुपमा पनि खेतीपाती गर्ने गरेका छन् । अनुसन्धानका क्रममा पातिखोलाका परिवारलाई तपाईले व्यावसायिक खेती गर्नुभएको छ भनी सोधेको प्रश्नको जवाफलाइ वृत्तचित्रमार्फत् प्रस्तुत गरिएको छ ।

चित्र नं ४.४ व्यावसायिक खेतीपाती लगाएका परिवारको विवरण




स्रोत : स्थलगत सर्वेक्षण २०७३

चित्र नं ४.४ मा देखाईएको वृत्तचित्र अनुसार व्यावसायिक खेती गर्ने कृषकहरु ११ परिवार अर्थात् २७.५ प्रतिशत रहेको देखियो । व्यावसायिक खेतीको रुपमा मुख्य रुपमा अदुवा, खुर्सानी , काको जस्ता नगदेबाली लगाइएको, मौरीपालन, सुन्तलाखेती गरिएको उत्तरदाताहरुले बताएका छन् । यसैगरी व्यावसायिक खेती नगर्ने परिवार २९ अर्थात् ७२.५ प्रतिशत रहेको पाइएको छ ।

## ४.१६ दोहोरो घरजग्गा

नेपालमा शहरीकरण बढ्दो क्रममा छ भने ग्रामिण क्षेत्रका मानिसको पनि शहरप्रतिको आकर्षण बढिरहेको छ । पछिल्लो समयमा आफ्नो आर्थिक अवस्थाले भ्याएसम्म शहरमा घरजग्गा किन्ने होडबाजी

नै चलेको छ भन्दा अत्युक्ति नहोला । त्यसैले पातिखोलाका परिवारहरुलाइ पनि तपाइको परिवारका नाममा शहरमा कुनै घरजग्गा छ भनी प्रश्न गरिएकोमा उत्तरदाताले दिएको जवाफलाइ तालिकीकरण र पाई चार्टमार्फत् प्रस्तुत गरिएको छ ।

तालिका नं ४.१२ शहरमा पनि घर वा जग्गा भएका परिवारको विवरण

| | परिवार संख्या | प्रतिशतमा |
|---|---|---|
| पहिले थियो अहिले छैन | ० | ० |
| पहिले थिएन अहिले छ | १६ | ४३.२४ |
| पहिले थिएन अहिले नि छैन | १३ | ३५.१४ |
| पहिले थियो अहिले नि छ | ८ | २१.६२ |
| जम्मा | ३७ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७३

तालिका नं ४.१२ मा देखाईएको तथ्यांक अनुसार पहिले शहरमा घरजग्गा भएर अहिले नहुने परिवार कुनै पनि नरहेको पाइयो । सबैभन्दा धेरै अर्थात् ४३.२४ प्रतिशतले पहिले नभएको तर अहिले भएको जवाफ दिएका छन् भने ३५.१४ प्रतिशतले पहिले नि नभएको र अहिले नि नभएको बताएका छन् । यसैगरी २१.६२ प्रतिशतले पहिलेदेखि नै शहरमा घर वा जग्गा रहेको बताएका छन् ।

## ४.१७ खानेपानीको स्रोत

खानेपानी दैनिक जीवनमा नभइ नहुने बहुपयोगी आवश्यकता हो । ग्रामिण परिवारहरुले खानेपानीका लागि विभिन्न खोला, कुवा, मुल, धारा जस्ता श्रोतहरु प्रयोग गर्ने गरेका छन् । पातिखोलामा पनि खानेपानीको लागि मुख्य श्रोतका रुपमा कुवा, धारा तथा वर्षात्का समयमा उठ्ने मूलको प्रयोग गर्ने गरेको पूर्व अनुसन्धान सर्भेक्षणबाट थाहा हुन आएकोले मुख्य रुपमा पहिले र अहिले कुन श्रोतको प्रयोग गर्नुभएको छ भन्ने प्रश्नको जवाफलाई तालिका तथा वृत्तचित्रका माध्यमद्वारा प्रस्तुत गरिएको छ ।

तालिका नं ४.१३  खानेपानीको स्रोत प्रयोगमा आएको परिवर्तन

| | परिवार संख्या | प्रतिशतमा |
|---|---|---|
| पहिलेदेखि नै धारा | ७ | १८.९२ |
| पहिले कुवा अहिले धारा | ३० | ८१.०८ |
| जम्मा | ३७ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७३


तालिका नं ४.१३ मा देखाईएको तथ्यांकले पातिखोलामा पहिलेदेखि नै धाराको प्रयोग गरिएको भएतापनि अपुग मात्रामा भएको भएर तथा गाउँमै चार ठाउँमा कुवा उपलब्ध भएकोले पहिलेदेखि केवल १८.९२ प्रतिशत परिवारले मात्र धाराको पानी प्रयोग गर्दै आएकामा अहिले सबै परिवारहरुले धाराको पानी खाने गरेको बताएका छन् भने राष्ट्रिय जनगणना २०६८ अनुसार नेपालका ४७.७८ प्रतिशत जनसंख्याले मात्र धाराको पानी प्रयोग गर्ने गरेको तथ्यांक छ । साथै मर्मत सम्भार तथा सरसफाई नगरिँदा गाउँमा बनाईएका कुवाहरुको अस्थित्व नै संकटमा परेको स्थलगत भ्रमणका क्रममा देखिएको छ ।

## ४.१८ एल पी ग्याँसको प्रयोग

नेपालका शहरमा मात्र होईन गाउँमा पनि आधुनिकीकरणले प्रवेश गरेको छ । गाउँमा परम्परागत रुपमा दाउराको प्रयोग गरिँदै आएको भएपनि नजिकैको बजारबाट  एलपी ग्याँसको आयात भएको पाइन्छ । यसले पनि परिवारको दैनिकीलाई परिवर्तन गरेको अनुभूति हुन्छ । यसै क्रममा एल पी ग्याँसको प्रयोग गर्नुहुन्छ भनी ४० परिवारलाई नै प्रश्न सोध्दा पाइएको उत्तरलाई वृत्तचित्रको माध्यमबाट प्रस्तुत गरिएको छ ।

चित्र नं ४.५को वृत्तचित्रमा देखिएको तथ्यांक अनुसार अहिले गाउँमा ३५ प्रतिशत परिवारमा दाउराको अलावा एलपी ग्याँसको पनि प्रयोग गरिन्छ भने ६५ प्रतिशत परिवारमा दाउरा मात्र प्रयोग गरिने पत्ता लागेको छ ।  गाउँमै ग्याँसको  सिलिण्डर साट्न नपाउने भएपनि नजिकैको ५ किलोमिटर टाढाको बजार नागडाँडाबाट ढुवानी गराएर लैजाने जानकारी उत्तरदाताहरुले  दिएका छन् । राष्ट्रिय

चित्र नं ४.५ एल पी ग्याँसको प्रयोग गर्ने परिवार विवरण देखाउने वृत्तचित्र




स्रोत : स्थलगत सर्वेक्षण २०७३

जनगणना २०६८ का अनुसार नेपालका २१.०३ प्रतिशत परिवारले एल.पी. ग्याँसको प्रयोग गर्ने गरेको तथ्यांक रहेको छ । यद्यपि गाउँमा एलपी ग्याँसमा पुरै निर्भर परिवार भने कुनै पनि नरहेको पाइयो ।

### ४.१९ छोराछोरी प्रतिको दृष्टिकोण

हाम्रो समाजमा पहिलेदेखि नै छोरा र छोरी बीच भेदभाव गरिँदै आइएको तितो यथार्थ सर्वविदितै छ । हाल आएर छोरा र छोरी बीचमा गरिने भेदभावमा कमी त होला तर निर्मुल भने भएको छैन । पातिखोलाका परिवारको अध्ययन गर्ने क्रममा यो विषयलाई पनि प्रश्नको रुपमा समावेश गरी छोरा र छोरीवीचको धारणा बुझ्न खोजिएको छ जसलाइ तालिकीकरण तथा वृत्तचित्रका माध्यमले प्रस्तुत गरिएको छ ।

तालिका नं ४.१४ छोरा वा छोरी को चाहना गर्ने परिवारको विवरण

| | परिवार संख्या | प्रतिशतमा |
|---|---|---|
| छोरा | ५ | १२.५ |
| छोरी | ० | ० |
| बराबर | ३५ | ८७.५ |
| जम्मा | ४० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७३

तालिका नं ४.१४ को तथ्यांक अनुसार छोराभन्दा छोरी ठीक भन्ने उत्तर कसैबाट पनि आएन । छोरा र छोरी बराबर नै हुन् भन्ने उत्तर दिने परिवारको संख्या ८७.५ प्रतिशत रह्यो भने १२.५ प्रतिशत परिवारमा छोरा भएको राम्रो भन्ने सोच रहेको जानकारी पाइएको छ । छोरा र छोरीमध्ये छोराको अपेक्षा बढी गर्ने परिवारमा पनि उनीहरुलाई समान अवसर दिनुपर्ने भन्ने विषयमा भने ऐक्यवद्धता थियो । छोरीले पनि अवसर पाए छोरा भन्दा केहीमा पनि कम नहुने उनीहरुको विश्वास रहेको छ ।

## ४.२० समाचारको श्रोत

सञ्चारका माध्यमहरुको विकाससँगै मानिसहरुले सुचना तथा समाचारहरु थाहा पाउने माध्यममा पनि फेरबदल आएको छ । पातिखोलामा पनि पहिले र अहिले प्रमुख रुपमा केबाट सुचना तथा समाचार पाउदै आउनुभएको छ भनी गरिएको प्रश्नको जवाफमा पाईएको उत्तरलाई तालिकीकरण र वृत्तचित्रको माध्यमबाट प्रस्तुत गरिएको छ ।

तालिका नं ४.१५ समाचार प्राप्त गर्ने श्रोत सम्वन्धी विवरण

| | टेलिभिजन | रेडियो | मोवाईल | छरछिमेकी |
|---|---|---|---|---|
| पहिले | ० | ९ | ० | २८ |
| प्रतिशतमा | ० | २४.३२ | ० | ७५.६८ |
| अहिले | ७ | ११ | १४ | ८ |
| प्रतिशतमा | १७.५ | २७.५ | ३५ | २० |

स्रोत : स्थलगत सर्वेक्षण २०७३


तालिका नं ४.१५ को तथ्यांक अनुसार पहिलेको समयमा प्रायजसो परिवारमा मुख्य समाचारको श्रोत आफूले भेटेका छरछिमेकी नै भएको ७५.६८ परिवारहरुले बताएका छन् भने २४.३२ प्रतिशत परिवारले त्यसबेला आफ्नो घरमा रेडियो भएको र प्रायजसो खबर, समाचारहरु रेडियोको माध्यमबाट नै थाहा पाउने बताएका छन् । त्यो समयमा मोवाइल र टेलिभिजन नआइसकेको उनीहरुले जवाफ दिएका छन् । अहिलेको समयमा सबैभन्दा बढी उत्तरदाता अर्थात् ३५ प्रतिशतले खबर तथा समाचार मोबाइल कुराकानीबाट नै थाहा हुने गरेको बताएका छन् यसैगरी दोस्रो माध्यममा रेडियो भएको २७.५ प्रतिशतले बताएका छन् । २० प्रतिशतले छरछिमेकीबाट खवर थाहा पाउने बताएका छन् भने १७.५

प्रतिशतले टेलिभिजन बाट थाहापाउने बताएका छन् । यस अनुसार गाउँमा पनि आधुनिक सञ्चार माध्यम आवश्यकताको रुपमा भित्रिरहेको देखिन्छ ।

### ४.२१ विद्युतीय उपकरण

पहिलेको समयमा गाउँमा विद्युत्को उपलब्धता पनि थिएन रेडियो घडी जस्ता विद्युतीय उपकरणहरु व्याट्रीबाट चलाउने गरिन्थ्यो तर विद्युतको विस्तारसँगै गाउँमा अहिले विभिन्न विद्युतीय उपकरणहरु प्रयोग गरिएको पाइएको छ । पातिखोलाका ४० परिवारलाइ तपाइको घरमा केके उपकरणहरु प्रयोग गर्नुहुन्छ भनी सोधिएको प्रश्नको जवाफलाई बार चार्ट बाट तल देखाइएको छ ।

चित्र नं ४.६ परिवारमा प्रयोग गरिएका विद्युतीय सामाग्री विवरण देखाउने बार चार्ट




स्रोत : स्थलगत सर्वेक्षण २०७३

चित्र नं ४.६को बार चार्टमा देखाइएको तथ्यांक अनुसार लगभग सबै परिवारले मोबाइल फोन प्रयोग गर्दछन् केवल ४ जनाले प्रयोग गर्न नजानेर प्रयोग नगरेको बताएका छन् । २१ परिवारमा रेडियो भएको , १२ परिवारमा राइस कुकर भएको, ३ परिवारमा इलेक्ट्रिक केटली भएको, १४ परिवारमा टेलिभिजन भएको, ८ परिवारमा आइरन प्रयोग गर्ने गरिएको र २ परिवारमा पंखा, फ्रिज लगायतका

अन्य उपकरण पनि रहेको जानकारी पाइयो । यो आँकडाले ग्रामिण परिवारमा भित्रीरहेको आधुनिक उपकरणको हालको तथ्यहरु बाहिर ल्याएको छ ।

### ४.२२ समुहमा आवद्धता

समुदायमा विभिन्न किसिमका आमा समुह, युवा क्लब, बाल क्लब जस्ता विभिन्न संस्थाहरु गठन गरिएका हुन्छन् । जसले गर्दा समुदायका सदस्यहरुको गतिशीलता बढाउनका लागि मद्दत पुग्दछ ।यसै क्रममा पातिखोलाका परिवारमा पनि समुह तथा क्लबहरुमा सहभागी हुने सदस्य छन् भनेर सोधेको प्रश्नको जवाफमा आएको उत्तरलाई तालिकामार्फत् देखाइएको छ ।

**तलिका नं ४.१६ परिवारका सदस्यहरु समुहमा आवद्ध भएको विवरण**

| | पहिले थियो अहिले छैन | पहिले थियो अहिले पनि छ | पहिले थिएन अहिले छ | पहिले थिएन अहिले पनि छैन | जम्मा |
|---|---|---|---|---|---|
| परिवार संख्या | ४ | १३ | ९ | ११ | ३७ |
| प्रतिशतमा | १०.८१ | ३५.१४ | २४.३२ | २९.७३ | १०० |


स्रोत : स्थलगत सर्वेक्षण २०७३

तालिका नं ४.१६ मा देखाईएको तथ्यांक अनुसार सबैगरी ३७ वटा परिवारहरुबाट लिइएको उत्तरमध्ये कहिल्यै पनि कुनै संस्थाहरुमा आवद्ध नभएका परिवार संख्या २९.७३ प्रतिशत रहेछन् २४.३२ प्रतिशतले पहिले नभएपनि अहिले आवद्ध रहेको, ३५.१४ प्रतिशत पहिलेदेखि नै आवद्ध रहेको तथा १०.८१ प्रतिशतले पहिले आवद्ध भएपनि अहिले स्वाथ्य, अरुचि जस्ता कारण देखाई अहिले नरहेको बताएका छन् । यस्ता संस्थाहरु शुरुशुरुमा सक्रिय देखिए पनि पछिपछि निष्कृय हुँदै जाने उनीहरुको धारणा रहेको छ ।

### ४.२३ झारफूक तथा हेराउनेमा विश्वास

नेपाली ग्रामिण समाजमा रुढीबाद तथा अन्धविश्वास एक परम्पराको रुपमा रहिआएको छ । झारफुक तथा हेराउने-चढाउने जस्ता कृयाकलाप गाउँमा अहिले पनि प्राथमितामा पर्ने गरेका छन् । पातिखोला पनि यो मामिलामा अगाडि नै देखिएको छ । तसर्थ तपाईको परिवारले झारफूक तथा हेराउने-चढाउने कुरामा विश्वास गर्दछ भन्ने प्रश्नको जवाफलाई वृत्तचित्रमा प्रस्तुत गरिएको छ ।

चित्र नं ४.७ झारफूक तथा हेराउनेमा विश्वास गर्ने विवरण देखाउने वृत्तचित्र




स्रोत : स्थलगत सर्वेक्षण २०७३

यसरी माथिको तथ्यांकलाई हेर्ने हो भने ७७.५ प्रतिशत परिवारले अहिले पनि झारफुक तथा हेराउने-चराउनेमा विश्वास गर्ने बताएका छन् भने २२.५ प्रतिशतले विश्वास नगर्ने बताएका छन् । विश्वास गर्ने परिवारहरुले अहिले पनि बिरामी भए सबभन्दा पहिले गाउँमै झारफुक गर्ने बताएका छन् । गाउँमा पाइने सर्वसुलभता तथा पहिले देखि मान्दै आइरहेकोले गर्दा आफूले पनि विश्वास गरेको बताएका छन् ।

## ४.२४ परिवारको खुसीपन

खुसी एउटा भावनात्मक विषय भएपनि व्याक्ति, परिवार तथा समाजले तुलनात्मक रुपमा यसको मापन गर्नसक्ने तत्व हो । पारिवारिक अवस्थामा आएको परिवर्तनसँगै मानिसहरुमा नयाँ आशा, उत्साह, उपाय, अवसर, सपना जस्ता सकारात्मकता तथा निराशा, अवसाद, एक्लोपन जस्ता नकारात्मकताले प्रभाव पार्न सक्ने हुनसक्छ । यसै सम्बन्धमा पहिले र अहिलेको परिवारहरुमा कुन बेलाको परिवारमा बढी खुसी भएको अनुभव गर्नुभएको छ भन्ने प्रश्नको जवाफमा प्राप्त उत्तरलाई तलको तालिका मार्फत प्रस्तुत गरिएको छ ।

तालिका नं ४.१७ परिवारको खुसीपनको तुलनात्मक विवरण

| | पहिले | अहिले | उस्तै | जम्मा |
|---|---|---|---|---|
| परिवार संख्या | ६ | २६ | ५ | ३७ |
| प्रतिशतमा | १६.२२ | ७०.२७ | १३.५१ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७३

तालिका नं ४.१७ को तथ्यांक अनुसार पहिलेको परिवारभन्दा अहिलेको परिवार खुसी छ भन्ने उत्तर दिने परिवार संख्या ७० प्रतिशत भन्दा बढी रहेका छन् भने १३ प्रतिशत भन्दा बढीले उस्तै नै रहेको तथा १६ प्रतिशत भन्दा बढीले पहिलेको परिवार नै खुसी रहेको बताएका छन् । यसरी पहिलेभन्दा अहिले खुसी हुनुको कारणहरुमा पहिलेभन्दा परिवारमा आम्दानीका अवसर फरकिलो भएको, नयाँनयाँ सुविधा र प्रविधिहरु प्रयोग गर्न पाइएको, समाजको गतिशीलतामा वृद्धि भएको भन्ने कारणहरु रहेको बताएका छन् भने उस्तै भन्नेले अहिलेको समयमा पनि अआफ्नो जीवनस्तरमा केही परिवर्तन नभएको, बाहीरी सुविधा नयाँ आएपनि जीवननिर्वाह गर्न पहिले भ्कै कष्ट रहेको भन्ने उत्तर दिएका छन् । यसैगरी पहिलेको अलि ठूलो परिवारमा बसेका परिवारका अन्य सदस्यहरुबाट मानसम्मान पाएकाहरुले अहिले आफू बेसाहारा जस्तो बन्न पुगेको, घरखर्ची पु-याउन नै मुस्किल भएको जस्ता कारणले गर्दा अहिले दुखमा रहेको बताएका छन् ।

## ४.२५ बालबालिकाको अध्ययन

बालबालिकाको शिक्षादिक्षाका लागि विद्यालयको छनोटमा पहिले र अहिले भिन्नता आएको छ । पहिलेको समयमा प्रायजसो बालबालिका सरकारी विद्यालयमा पढ्ने गर्दथे भने अहिले गाउँमा बच्चाबच्ची पढाउनकै लागि परिवार छुट्टिएर शहरमा बस्ने साथै निजी विद्यालयमा पढाउने क्रम पनि बढिरहेको छ । पातिखोलामा बसोबास गर्ने परिवारका बालबच्चा कस्तो विद्यालयमा पढेका छन् त भनी सोधिएको प्रश्नको जवाफलाई तल तालिकामार्फत प्रस्तुत गरिएको छ ।

तालिका नं ४.१८ बालबालिकाको विद्यालय छनोट सम्वन्धी विवरण

| | सरकारी | निजी | पढ्ने नै छैनन् | जम्मा |
|---|---|---|---|---|
| परिवार संख्या | ७ | ८ | २५ | ४० |
| प्रतिशतमा | १७.५ | २० | ६२.५ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७३

तालिका नं ४.१८ को तथ्यांक अनुसार पातिखोलामा रहेका ६२.५ प्रतिशत परिवारमा अहिले पढ्ने उमेरका बालबच्चा नरहेको पाइयो । बाँकीमध्ये २० प्रतिशत परिवारका बालबच्चा निजी विद्यालय जाने गरेका छन् भने १७.५ प्रतिशत परिवारका बालबच्चा सरकारी विद्यालयमा अध्ययन गर्ने गरेको पाइएको छ । सरकारी विद्यालयमा पढ्ने बालबालिका भएका परिवारको चाहना पनि निजी विद्यालयमा नै पढाउने छ तर आर्थिक अवस्था कमजोर भएकोले उनीहरु सरकारीमा पढाउनुपरेको उत्तरदाता बताउँदछन् ।

यसरी माथि पच्चीसवटा विषयमा आधारित रहेर लिइएका तथ्यांकहरुको तालिकाबाट र आवश्यकता अनुसार वृत्तचित्र र बार चार्टबाट विश्लेषण र व्याख्या गरियो । यी भन्दा बाहेक पनि अन्य विविध विषयवस्तुहरुको जानकारी विविध औपचारिक तथा अनौपचारिक छलफल, भेटघाट अवलोकनबाट प्राप्त भएका छन् । तिनीहरुलाइ तलको अनुच्छेदहरुका वर्णन गरिएको छ ।

गाउँमा पुर्वमा सेतीदोभान, पश्चिममा चिलाउनेबास-कार्कीनेटा, पश्चिममा पञ्चमूल तथा दक्षिणमा स्याङ्गजाबजारबाट गरी चारैतर्फबाट कच्ची सडक(हिउँदे सडक) बाटो पुगिसकेको छ , यो सडकमार्ग सँगै गाउँमा युवाहरुले मोटरसाइकलको प्रयोग गर्न थालेका छन् भने सामान ढुवानीका लागि ट्याक्टरको प्रयोग बढिरहेको देख्न पाइन्छ । यो सडक सँगै गाउँका प्रायजसो मानिसहरुले सडक छेउमा आरसीसी घर बनाउने आकांक्षा भएको बताएका छन् ।

ग्रामिण परिवारमा सम्बन्धको बारेमा अध्ययन गर्दा परिवारका सदस्यको वीचमा पहिलेभन्दा समन्वय अलि बढी हुने गरेको, बालमैत्री बातावरण बन्दै गैरहेको तर बृद्धहरुलाई भने परिवारमा रेखदेख गर्ने सदस्य संख्या कम भएकोले झन बढी शारिरीक कष्ट भोग्नुपरेको, सासुबुहारी बीचमा कतैकतै द्धन्द्ध देखिएपनि पहिले सासुबाट बुहारीलाई बढी हेपिने गरिएपनि अहिले बुहारीबाट सासुलाई बढी पिडित

बनाइएको पाइयो । यसो हुनुमा सासुभन्दा बुहारी जान्ने सुन्ने हुनु, मुख्य आर्थिक स्रोतमा बुहारीको बर्चस्व हुनु आदि रहेको पाइयो ।

कोही मान्छे कसैकोमा जादा कोसेली लिएर जाने प्रचलन निकै नै पुरानो भएपनि पहिले पहिले घिउ, सेलरोटी, कुराउनी जस्ता घरमै उत्पादित वस्तुहरुको प्रयोग गरिदै आएकोमा अहिले स्याउ, केरा, आँप, सुन्तला जस्ता फलफूलहरुको प्रयोग बढेको पाइयो । यसको कारणमा गाउँमा पनि बजारबाट निर्यात हुने फलफूलको मात्रा बढ्नु, खरीद गर्न पैसा हुनु, तथा धेरै दुख गर्न नपर्नु मुख्य कारण रहेका छन् ।

यसैगरी गाउँघरमा प्रयोग गरिने भाँडाकुँडाहरु बारेमा पनि सबै उत्तरदाताहरुलाइ सोधिएको प्रश्नमा सबैजसोले पहिले तामा, पित्तल, चरेस, सिलौट तथा माटाका सामाग्रीहरुको प्रयोगलाई अहिले स्टील तथा प्लाष्टिकबाट बनेका भाँडाकुँडाले विस्थापित गरेको बताएका छन् । गाउँमा बेलाबेलामा पूजाआजा भएको परिवारमा भजनकीर्तन गरिने प्रचलन सदियौंदेखि चल्दै आएको तर अहिले त्यस्ता कृयाकलापहरुमा कमी आएको उत्तरदाताहरु बताउँदछन् । यसरी कमी आउनुमा मानिसहरुको भजनकीर्तनमा रुचि कम हुनु, अन्य मनोरञ्जनका साधनहरु प्राप्त हुनु, असुरक्षा तथा विकृतिहरुको कारण भएको पाइयो ।

पहिले गाउँबाट नै गरिने केटीको वैवाहिक कार्यक्रम प्राय जसो शहरका मन्दिर तथा पार्टी प्यालेसहरुबाट हुने गरेको पाइयो । यसरी गाउँबाट नै विवाह नगरिनुमा गाउँमा धेरै फराकिलो ठाउँ नहुनु, शहरमा क्याटरिङ्गको उपलब्धताले सजिलो बनाएको तथा गाउँमा वैवाहिक कार्यक्रमका लागि आवश्यक जनशक्ति कम भएको उत्तरदाताहरुले बताएका छन् । यसैगरी मृत्यु संस्कारको कुरा गर्दा पहिलेभन्दा अहिले धेरै परिमार्जनहरु भएको उत्तरदाताहरु बताउँदछन् । पहिले कृयापुत्रीले चप्पल नलगाउने, एकछाक घिउ र भात मात्र खाने, एक बर्षसम्म सेतो कपडा लगाउने गरेकोमा अहिले फलफूलहरु खाने गरेको, चप्पल प्रयोग गर्ने गरेको तथा केहीले मात्र वरखी बार्ने गरेको पाइयो ।

यीनै विविध विषयहरुको तथ्यांकहरुसँगै पातिखोला गाउँका परिवारको गृहस्थी रणनीतिहरुको बारेमा एउटा सत्य तथ्य उजागर भएको छ । यो अध्ययनलाई अझ विस्तृत र गहिरो रुपमा गर्नको लागि भने यी विवरण र विश्लेषणहरुले मात्र नपुग्ने अध्याय ३.९ मा बताईसकिएको छ ।

# अध्याय पाँच

# अध्ययनको सारांश र निष्कर्ष

## ५.१ अध्ययनको सारांश

समाज परिवर्तन एक विश्वव्यापी र निरन्तर भैरहने घटना हो , यो स्थान र समय सापेक्ष हुने गर्दछ । यसको गति र दिशा पनि कालखण्ड अनुसार फरक फरक हुने पाइएको छ । नेपाली समाजको कुरा गर्दा ग्रामिण समाजको परिवर्तन शहरी समाजको परिवर्तनसँग ठ्याक्कै मेल खाने खालको छैन अत यी दुई समाजलाई एकै तवरले बुझ्नु गलत हुन्छ । ग्रामिण र शहरी समाजको गृहस्थी सञ्चालन रणनीति अलगअलग भएपनि यी दुवैलाई आधुनिकीकरणको सिद्धान्त अनुसार व्याख्या विश्लेषण गर्न सकिने हुन्छ । यस अध्ययनबाट ग्रामिण नेपाली समाजमा विभिन्न नयाँनयाँ प्रविधिको प्रयोग, नयाँ आर्थिक अवसरको खोजी, चेतनाको स्तरमा वृद्धि जस्ता आधुनिकताको झलक दिने विषयहरुलाई अनुभव गर्न सकिएको छ । अतः यस अनुसन्धान कार्यबाट समाज विकासको क्रमलाई यही सिद्धान्तमार्फत् हामीले बुझ्न सकिन्छ । पतिखोला गाउँमा आधारित भएर गरिएको यस अध्ययनका क्रममा पाइएका मुख्य उपलब्धिहरुलाई सारांशका रुपमा तलका अनुच्छेदमा प्रस्तुत गरिएको छ ।

परिवारको आकार धेरै घटेको छ । वीस वर्ष पहिले औसत सदस्य संख्या ५.१ रहेकोमा अहिले जम्मा २.९ रहेको पाइयो ।परिवारमा पहिले अधिकांश अर्थात् ५७ प्रतिशत सदस्य वीस वर्षमुनिका केटाकेटी रहेकोमा अहिले लगभग २८ प्रतिशत मात्र रहेका, पहिले ६० माथिका बृद्धबृद्धा ५ प्रतिशत रहेकोमा अहिले ३२ प्रतिशत रहेका छन् भने २१ देखि ६० बर्ष उमेर समुहका सदस्यहरुको संख्या प्रतिशतमा उस्तै उस्तै देखिएपनि वास्तविक संख्या भने घटेको पाइएको छ ।गाउँमा घर बनाउन ढुंगा,माटो,काठको अलावा आरसीसी खम्बाहरु तथा सिमेन्टको प्रयोग बढ्दो छ, साथै पछिल्लो २० वर्षभित्र सबै खरका छानाहरु जस्ताको छानाले प्रतिस्थापन गरिएको छ ।पछिल्लो समयमा गाउँ छोड्नेको संख्या असाध्यै धेरै छ । पहिले ३७ प्रतिशत घरबाट २० जना रहेकोमा अहिले ४० घरबाट ९२ जना रहेको पाइएको छ । पहिले धेरै मात्रामा मानिसहरु भारतमा जाने गरेकोमा अहिले नेपालभित्रै र अन्य देशमा वैदेशिक रोजगारका लागि गएको देखिएको छ ।पहिले मुख्य रुपमा कृषि उत्पादनमा ६४ प्रतिशत परिवार निर्भर रहेकोमा पछिल्लो समयमा ४५ प्रतिशत परिवार मात्र निर्भर रहेको पाईयो , साथै अहिलेको अर्को मुख्य आम्दानीको श्रोत वैदेशिक रोजगार रहेको पाइयो ।

त्यसैगरी गाउँका ६७ प्रतिशत भन्दा वढी मानिसहरुले गाउँले जीवन कष्टकर रहेको र पुगेसम्म शहर वस्ने इच्छा रहेको बताएका छन् ।गाउँका अधिकांश परिवारमा कुनै समयमा आफ्नै उत्पादनले नपुगेको अनुभव छ । ४६ प्रतिशतले मात्र पहिलेदेखि नै आफ्नो परिवार उत्पादनमा आत्मनिर्भर रहेको बताएका छन् ।पहिले बचत रहेको पैसा लगभग ३८ प्रतिशतले घरमै राख्ने गर्दथे भने बैङ्कको प्रयोग निकै कम अर्थात् ८ प्रतिशतले मात्र गर्दथे । अहिले करीब ४५ प्रतिशतले बैङ्कलाइ पैसा जम्मा गर्नको लागि प्रयोग गर्ने गरेको बताएका छन् । त्यसैगरी घरजग्गामा लगानी गर्ने प्रचलन पहिले पनि थियो तर अहिले गाउँमा भन्दा शहरमा जग्गा किन्नको लागि लगानी गर्नेको संख्या बढिरहेको छ ।पहिले अधिकांश परिवारले अर्थात् ५४ प्रतिशत परिवारले ऋण आवश्यक परेमा गाउँघरबाट नै व्याजमा पैसा लिने गरेका थिए भने अहिले बैङ्क/सहकारीबाट ऋण लिने बताउने परिवार ६२ प्रतिशत भन्दा बढी रहेका छन् ।

पहिला गाउँमा गाई, भैसी, गोरु, बाख्रा जस्ता पशुले गोठ भरिनुलाई सम्पन्नता तथा हुनेखाने परिवारमा मानिन्थ्यो भने अहिले त्यो मान्यता हराएको छ । गोठमा पशुहरु पातलिँदै गएका छन् ।पहिले अधिकांश अर्थात् ५४ प्रतिशत परिवारले खेतीपाती गर्दा अर्मपर्मबाट नै कामदार जुटाउने गरेकोमा अहिले पर्म लगाउने प्रचलन घटेको छ । अहिले ६७ प्रतिशत परिवारले मुख्य कामदारहरु ज्यालादारी मजदुर खोज्ने गरेको बताएका छन् । ज्याला दिएर पनि कामदार नपाइने समस्या अहिले गाउँमा देखिएको छ ।परिवारमा काम गर्न सक्ने सदस्य नहुनु, ज्यालादारी मजदुर पनि नपाइनु, उत्पादन घट्दै जानु अहिलेको गाउँमा खेतीपाती गर्नका लागि मुख्य समस्या देखिएका छन् ।पछिल्लो समयमा ६७ प्रतिशत भन्दा बढी परिवारले आफ्नो स्वामित्वको सबै जग्गामा खेतीपाती नलगाएको बताएका छन् ।अहिले २७ प्रतिशत परिवारले कुनै न कुनै रुपमा व्यावसायिक खेती गर्ने गरेको बताएका छन् ।

अहिले गाउँका मानिसमा शहरमा जग्गा किन्ने आकांक्षा बढेको देखिएको छ ।करीब ३५ प्रतिशतले पछिल्लो वीस वर्षको अवधिमा शहरमा घरजग्गा किनेको बताएका छन् ।गाउँमा खानेपानीको मुख्य श्रोतका रुपमा पहिले ८१ प्रतिशतले कुवाको प्रयोग गर्दै आएकोमा अहिले सवै परिवारमा धाराको पहुँच रहेको देखिएको छ ।गाउँमा एलपी ग्याँसको प्रयोग गर्ने परिवार अहिले ३५ प्रतिशत रहेको पाइयो ।अहिलेको समयमा पनि वंश थाम्न छोरा नै हुनुपर्छ भन्ने परिवार १२ प्रतिशत रहेको पाइयो ।


पहिले रेडियो तथा छरछिमेकबाट मात्र सुचना समाचार पाउने गरेकोमा अहिले मोबाइल (३५ प्रतिशत) ले विशिष्ट स्थान ओगटेको पाइयो । यसका अलावा रेडियो, टेलिभिजनको प्रयोग पनि बढेको

पाइयो । गाउँमा उल्लेख्य मात्रामा मोबाइल, टेलिभिजन, रेडियो, राइस कुकर जस्ता विद्युतीय उपकरणहरु भित्रिइरहेको पाइयो । गाउँलेहरु समुहमा आवद्धता हुने क्रम बढेपनि यसप्रति लगाव र विश्वास भने पहिलेभन्दा घटेको उत्तरदाताले बताएका छन् । अहिलेको समयमा पनि ७७ प्रतिशत परिवारले झारफुक, धामीझाक्रीमा विश्वास गरेको तथा अस्पतालको साथै झारफुक पनि गर्नुपर्ने बताएका छन् । प्रायजसो(६२ प्रतिशतमा) परिवारमा पढ्ने उमेरका केटाकेटी नभएको पाइयो भने आर्थिक रुपमा कमजोर विद्यार्थी मात्र सरकारी स्कुलमा जाने गरेको पाइयो ।

## ५.२ अध्ययनको निष्कर्ष

यस अध्ययनबाट ग्रामिण नेपाली समाज कतातिर गैरहेको छ भन्ने दिशा स्पष्ट भएकोले ग्रामिण जनजीवनलाइ सहज बनाउन स्थानीय समुदायले तथा सरकारको तर्फबाट विभिन्न प्रयासहरु गरिनु जरुरी देखिएको छ । अत आधुनिकीकरणको प्रभावले परिवर्तित परिस्थिति अनुरुप चल्नको लागि केही निष्कर्षहरु निकाल्न सकिने हुन्छ । कृषिलाइ बढी भन्दा बढी उत्पादनमुखी बनाउन उन्नत जातका बीउबिजनको उपलब्धता, माटो सुहाउँदो बालीनाली, व्यावसायिक कृषिमा जोड दिनको लागि सरकारी तथा स्थानीय तहमा पहल हुनु आवश्यक देखिन्छ । काम गर्ने जनशक्तिको अभावलाई समाधान गर्नका लागि कृषिमा प्रविधि भित्र्याउन सरकारले पहल गर्नुपर्ने देखिएको छ । गाउँमा पनि शहरी क्षेत्रमा झैं गुणस्तरीय शिक्षा उपलब्ध गराउन सक्ने हो भने छोराछोरी पढाउने बहानामा गाउँ छोड्ने जनशक्ति कम हुनेमा विश्वास गर्न सकिन्छ । गाउँमै पनि स्वरोजगार तथा केही मात्रामा भएपनि रोजगारका अवसर जुटाउन सके शहर पस्ने युवालाई गाउँमै परिचालन गर्न सकिन्छ । ग्रामिण सडकलाई सुधार गरी गुणस्तरीय बनाउन सके गाउँप्रतिको आकर्षण बढ्ने देखिन्छ साथै शहरसँगको दूरी कम हुन्छ । जग्गा बाँझो रहन नदिन परम्परागत खेती भन्दा फरक कम मेहेनत गरे पनि हुने खालका वैकल्पिक खेतीपातीका लागि उत्प्रेरित गर्न सके गाउँको उत्पादनमा कमी आउने थिएन । परम्परागत रुपमा निर्वाहमुखी नभएर ठूलो उत्पादन हुने गरी व्यावसायिक रुपमा पशुपालन गर्न सके गाउँमा यो व्यावसाय गर्न सजिलो हुने देखिन्छ । गाउँमा रेमिट्यान्स भित्रिएसँगै काम गर्ने बानीमा कम र बजारबाट सामान भित्र्याउने क्रम बढेको देखिएकोले सरकारी तवरबाट नै उत्पादन नघटाउन श्रम गर्ने तरिकामा परिमार्जन गराउने निती ल्याउनु जरुरी देखिएको छ ।

## सूची एक : अनुसन्धानकर्ताले अर्न्तवार्ता अनुसूचि भराउँदा र अवलोकन गर्दा लिइएका तस्वीरहरुः



तस्वीरः गुगल म्यापबाट लिईएको अध्ययन क्षेत्रको अवस्थिति



तस्वीरः पातिखोला गाउँको एक दृश्य



तस्वीर : टपरी गाँसेर बसिरहेका स्थानीय महिलाहरुसँग छलफल गर्ने क्रममा शोधकर्ता



तस्वीर : उत्तरदातालाई घरमै भेटेर तथ्यांक संकलन गर्दै शोधकर्ता



तस्वीर : आफ्नो काम गर्दै शोधकर्ताको प्रश्नको उत्तर दिदै एक उत्तरदाता



तस्वीर : शोधकर्ताले तथ्यांक संकलन गर्ने क्रममा एक स्थानीय बासिन्दासंग



तस्वीर :पहिले खेती गर्ने गरिएको तर अहिले बाँझो छोडिएको खेतको दृश्य



तस्वीरः ग्याँसको सिलिण्डर डोकोमा बोकेर उकालो ठडिँदै एक स्थानीय बासिन्दा

## अनुसूची दुई :अन्तरवार्ता प्रश्नावलीहरु

उत्तरदाताको नाम............................................... लिङ्ग:.................उमेर..............

१. कति सदस्यको परिवारमा रहदै आउनुभएको छ?

पहिले:..........                    अहिले:...........

२.तपाईको परिवार सदस्यको उमेर कति कति थियो / छ ?

| | ०-२० | २०-४० | ४०-६० | ६० भन्दा माथि |
|---|---|---|---|---|
| पहिले | | | | |
| अहिले | | | | |

३. तपाइ बसेको घर छ्वाली वा खरले छाएको थियो ?

क) थियो        ख)थिएन

४. परिवारमा अनुपस्थित सदस्य संख्या कति थियो/छ?

पहिले.......................................        अहिले.......................................

५. घरबाहिर रहनुभएको सदस्यहरु कहाँ हुनुहुन्छ ?

पहिले: क)नेपालभित्रै    ख)भारत        ग)अन्य देश

अहिले: क)नेपालभित्रै    ख)भारत        ग)अन्य देश

६. तपाइँहरु किन गाउँमै वस्नुभयो?

क)रहर                    ख)बाध्यता

७. परिवारमा मुख्य आम्दानीको श्रोत के थियो/छ?

पहिले: क)कृषि   ख)रोजगारी   ग)वैदेशिक रोजगारी घ)पेन्सन ङ)व्यापार

अहिले: : क)कृषि   ख)रोजगारी   ग)वैदेशिक रोजगारी घ)पेन्सन ङ)व्यापार

८.तपाईको परिवारमा आफ्नै उत्पादनले पु-याउनुहुन्छ कि बजारबाट किन्नुपर्छ?

क)पहिले किनिन्थेन अहिले किन्नुपर्छ ख)पहिले नि किनिन्थ्यो अहिले नि किन्नुपर्छ

ग)पहिले किनिन्थ्यो अहिले किन्नुपर्दैन घ)पहिले किनिन्थेन अहिले पनि किन्नुपर्दैन

९. बचत भएको पैसालाई कसरी प्रयोग गर्नुहुन्थ्यो / हुन्छ ?

पहिले क)घरमै राख्ने ख)व्याजमा लगाउने ग)घरजग्गा तथा सुनचाँदी किन्ने  घ)बैंकमा राख्ने

अहिले क)घरमै राख्ने ख)व्याजमा लगाउने ग)घरजग्गा तथा सुनचाँदी किन्ने  घ)बैंकमा राख्न

१०.पैसा आवश्यक परेमा कसरी व्यावस्था गर्नुहुन्थ्यो/ हुन्छ ?

| | सापट मागेर | व्याज तिर्नेगरी ऋण लिने | जिन्सी सामान बेच्ने | बैंक,बचत तथा सहकारीबाट |
|---|---|---|---|---|
| पहिले | | | | |
| अहिले | | | | |

११. गाउँको घरजग्गा किनबेचको अवस्था कस्तो छ?

क)कमी आएको छ                    ख)बृद्धि भएको छ

१२. गाउँमा हुने नाचगान तथा भजनकीर्तनमा पहिलेभन्दा कस्तो फरकपन देख्नुभएको छ?

१३.पशुपन्छीहरु केके कतिकति पाल्नुभएको छ?

पहीले: क)गाईगोरु     ख)भैसीराँगा    ग)बाखा

अहिले:)गाईगोरु       ख)भैसीराँगा    ग)बाखा

१४. पशुपालनमा किन परिवर्तन गर्नुभयो?

१५.बालीनाली लगाउनका लागि कामदारको व्यावस्था कसरी गर्नुहुन्छ?

पहिले: क) अर्मपर्म गरेर ख)ज्यालादारी मजदूर खोजेर ग) ठेक्का दिएर घ) आफनै परिवारले काम गरेर

अहिले क) अर्मपर्म गरेर ख)ज्यालादारी मजदूर खोजेर ग) ठेक्का दिएर घ) आफनै परिवारले काम गरेर

१६. खेतीपाती लगाउन पहिलेभन्दा अहिले थपिएको मुख्य समस्या के हो?

क)परिवारमा काम गर्न सक्ने सदस्य नहुनु      ख)पैसा तिरेर पनि कामदार नपाउनु

ग)लगानीभन्दा उत्पादन कम हुनु               घ)अन्य कुनै

१७. पहिले पहिले खेतीपाती लगाउने गरेको तर अहिले बाँझै छोडेको जग्गा  छ?

क)छ          ख)छैन

१८. कुनै व्यावसायिक खेतीपाती गर्नुभएको छ?

क)छ ख)छैन

१९. तपाईको परिवारको नाममा अन्य शहर तथा सुगम ठाउँमा घर वा जग्गा थियो/छ?

क)पहिले थियो अहिले पनि छ ख)पहिले थिएन अहिले पनि छैन

ग)पहिले थियो अहिले छैन घ) पहिले थिएन अहिले छ

२०. वैवाहिक कृयाकलापमा तपाईले देखेका परिवर्तनहरु अन्य केही भए बताई दिनुहास् न?

२१.परिवारलाई आवश्यक पर्ने पानीको श्रोत के थियो/छ?

क) पहिलेदेखि नै धारा

ख) पहिले कुवा अहिले धारा

२२. सास-बुहारी, जूवाइँ-ससुराली, जेठाजु-बुहारी आदिका बीचमा रहेको सम्वन्धमा पहिले र अहिले कस्तो फेरबदल आएको पाउनुभएको छ?

२३. कोसेली ल्याउने प्रचलनमा पहिलेभन्दा अहिले के फरक पाउनुभएको छ ?

२४. तपाईले खाने खानेकुरामा पहिले र अहिले के के परिवर्तन भएको छ?

२५. भान्सामा आवश्यक खाद्यवस्तुका लागि पहिले केके बजारबाट खरीद गर्नुहुन्थ्यो अहिले त्यसमा केके थपघट भएको छ ?

२६.तपाईको घरमा एलपी ग्याँस प्रयोग गर्नुहुन्छ?

क)गर्छु ख)गर्दिनँ

२७. परिवारमा जन्मने सन्तान छोराछोरी मध्ये के को इच्छा बढी गर्नुहुन्छ?

क)छोरा ख)छोरी ग)बराबर

२८. छोरीले पनि छोराको झै काम गर्न सक्छन् जस्तो लाग्छ ?

क)लाग्छ ख)लाग्दैन

२९. परिवारमा महिला पुरुषले गर्ने भनेर छुट्टाइएका निश्चित कामहरु केके हुन्? पहिलेभन्दा अहिले केही फरक पाउनुभएको छ?

३०. समाचार तथा सुचनाको मुख्य श्रोत के हो?

पहिले क) टि.भी. ख) रेडियो ग) मोबाईल घ) छरछिमेकी

अहिले क) टि.भी. ख) रेडियो ग) मोबाईल घ) छरछिमेकी

३१. बालबालिकाहरुले पहिले र अहिले खेल्ने खेलहरुमा कुनै परिवर्तन देख्नुभएको छ?

३२. तपाईको परिवारले बिजुलीबाट चल्ने उपकरण के के प्रयोग गर्नुहुन्छ?

क)राईस कुकर ख)मोबाईल फोन ग)इलेक्ट्रिक केटली घ)रेडियो ङ)टिभी च) आईरन छ) अन्य

३३. लुगाकपडा सिलाउने सुचीकार तथा खेत जोत्ने हलिलाई ज्याला के दिने गर्नुहुन्थ्यो/गर्नुहुन्छ ?

क)पहिले बाली अहिले पनि बाली ख) पहिले बाली अहिले नगद ग) पहिले नगद अहिले पनि नगद घ) पहिले नगद अहिले पनि नगद

३४. घरमा प्रयोग गरिने भाँडाकुँडा केबाट बनेका बढी मात्रामा प्रयोग गर्नुहुन्थ्यो/गर्नुहुन्छ?

३५. तपाइँको परिवारका सदस्यहरु कुनै समुह, क्लब(आमा समुह, बाल क्लब, युवा क्लब आदिमा संलग्न हुनुहुन्थ्यो/हुनुहुन्छ ?

क)पहिले थियो अहिले छैन ख)पहिले थियो अहिले पनि छ

ग)पहिले थिएन अहिले छ ग)पहिले थिएन अहिले पनि छैन

३६. सामाजिक कार्यमा जनसहभागिता कस्तो पाउनुभएको छ?

क)पहिले भन्दा उत्साहजनक ख)पहिले भन्दा निराशाजनक ग) उस्तै

३७. धर्मकर्मका लागि परिवारमा कस्ता कस्ता कृयाकलापहरु हुन्थे /हुन्छन्?

३८. धार्मिक गतिविधिहरुमा कमी आएको महसुस गर्नुभएको छ?

क)छ ख)छैन

३९. हेराउने/चढाउने तथा झारफुकमा विश्वास गर्नुहुन्छ?

क)गर्छु ख)गर्दिनँ

४०. तपाईको परिवारले कोसेली-उपहारको रुपमा पहिले र अहिले केके पाउने तथा दिने गर्नुभएको छ?

४१. मृत्यु संस्कारमा केही परिवर्तन पाउनुभएको छ?

४२. चाडपर्वहरुको महत्व पहिलेको भन्दा कस्तो पाउनुभएको छ ?

क) महत्व बढेको छ  ख) उस्तै नै छ ग) घटेको छ

४३.सामाजिक  विकृतिहरु पहिले र अहिले के के थिए/ छन्?

४४. तपाईलाई पहिले र अहिलेको परिवारमा कुन बेलाको परिवार खुसी छ जस्तो लाग्छ?

क)पहिलेको  ख)अहिलेको  ग)उस्तै

४५. तपाईको परिवारका बालबच्चा कस्तो विद्यालयमा पढ्दछन्?

क)सरकारी  ख)निजी  ग)पढ्ने बालबालिका नै छैनन्

४६. परिवारमा सरसफाई सम्बन्धी केके परिवर्तनहरु पाउनुभएको छ ?

## अनुसूची तीन :मुख्य उत्तरदाताहरुको विवरण

| नाम | उमेर | लिङ्ग |
|---|---|---|
| १.खिमादेवी ढकाल | ७३ | महिला |
| २.भीमलाल ढकाल | ६१ | पुरुष |
| ३.चन्द्रकला ढकाल | ५६ | महिला |
| ४.ठहरकुमारी ढकाल | ५९ | महिला |
| ५.लेखनाथ ढकाल | ६४ | पुरुष |
| ६.भद्रशीला ढकाल | ७० | महिला |
| ७.एकावती ढकाल | ५७ | महिला |
| ८.निर्मलादेवी ढकाल | ८१ | महिला |
| ९.शान्ति ढकाल | ३५ | महिला |
| १०.विष्णुदेवी ढकाल | ४१ | महिला |
| ११.टिकाराम ढकाल | ७५ | पुरुष |
| १२.योगेश्वर ढकाल | ५० | पुरुष |
| १३.ज्ञानु ढकाल | ५३ | महिला |
| १४.प्रेम प्रसाद ढकाल | ६८ | पुरुष |
| १५.देवी ढकाल | ४५ | महिला |
| १६.नर्मदादेवी ढकाल | ५३ | महिला |
| १७.खिमादेवी ढकाल | ६४ | महिला |
| १८.गौरीदेवी ढकाल | ५१ | म्हिला |
| १९.छायाँदेवी ढकाल | ६३ | महिला |
| २०.ढमकुमारी ढकाल | ६२ | महिला |
| २१.नारायण प्रसाद ढकाल | ६२ | पुरुष |
| २२.सीतादेवी ढकाल | ५९ | महिला |
| २३.युवाराज ढकाल | ५६ | पुरुष |
| २४.बिन्दु ढकाल | ३२ | महिला |
| २५.नीलकण्ठ ढकाल | ८८ | पुरुष |
| २६.ढाकाराम ढकाल | ५५ | पुरुष |
| २७.कुलप्रसाद ढकाल | ६३ | पुरुष |
| २८.भगवती ढकाल | ७५ | महिला |
| २९.गंगा ढकाल | ५५ | महिला |
| ३०.घनश्याम ढकाल | ७० | पुरुष |
| ३१.महेश ढकाल | ५० | पुरुष |

| | | |
|---|---|---|
| ३२.भानुभक्त ढकाल | ७६ | पुरुष |
| ३३.ख्यामनारायण ढकाल | ६५ | पुरुष |
| ३४.गणेश प्रसाद ढकाल | ५७ | पुरुष |
| ३५.जीवन ढकाल | ३७ | पुरुष |
| ३६.शेषकान्त ढकाल | ७१ | पुरुष |
| ३७.शिवलाल ढकाल | ६३ | पुरुष |
| ३८.एकनारायण ढकाल | ७९ | पुरुष |
| ३९.हुमनाथ ढकाल | ६५ | पुरुष |
| ४०.खगीसरा ढकाल | ७३ | महिला |

## अनुसूची चारः : विशेष शब्दावलीको परिभाषा

पहिले : यस अनुसन्धान गरिएको हालको अवस्था भन्दा ठीक २० वर्ष पहिलेको समयलाइ यो अनुसन्धान भरि पहिलेको समयका रुपमा लिइएको छ ।

अहिले : हालको समय अर्थात् वि.सं. २०७३ सालको समय

## सन्दर्भ सामाग्रीहरु


केन्द्रिय तथ्यांक विभाग; (२०६८) *राष्टिय जनगणना* ; नेपाल सरकार

सापकोटा, जनकराज; (२०७३, जेठ ३०) *बढ्दै सम्वन्धविच्छेद* ; कान्तिपुर दैनिक

आचार्य, बलराम र श्रेष्ठ, केशवकुमार; (२०६७) *सामाजिक संस्था र प्रकृयाको विश्लेषण* ; नेशनल बुक सेन्टर

राई, राजुकुमार र तिमिल्सिना, माधवप्रसाद ; (२०७०) *सामाजिक परिवर्तन र विकास अध्ययन* ; एकेडेमिक बुक सेन्टर

Acharya, B. (2067). *samajsastra ra manabsastrama anusandhan paddati ra pratibedan lekhan.* national book centre.

District Development Committee Syangja. (2016). Retrieved from ddcsyangja.gov.np.

Fraser, A. S. (1989). The Changing American Family. *Caring For Families* .

Goldstein, M. C., & Beall, C. M. (1986). Family Change, Caste, and The Elderly in a Rural Locale in Nepal. *Journal of cross-cultural Gerentology* .

Jacobsen, L. A., Mather, M., & Dupuis, G. (2012, September). Population Bulletin. *Household Change in United States* .

Kavitha, V. (2009). *Sociology in Nursing Globe.* Jaypee Brothers Publishers.

Mackie, G. (2002). Functionalist Socialism, Family and Character. *Analyze and Kritik* , 40-59.

Nayak, D. K., & Narayan, B. R. (2014). Changing Household Size in India: An Interstate Comparison.

Olah, L. S. (2015). *Changing families in the European Union: trends and policy implications* .

*Oxford Dictionary of sociology.* (2006). Oxford University Press.

Parajuli, m. N., Luitel, B. C., Upreti, B. R., Gautam, P. R., Bhandari, B. K., Dhakal, R. K., et al. (2015). *Nepali Society and Development Relevance of the Nordic Model in Nepal.* Kathmandu: Royal Norwegian Embassy and KUSOED.

Sapkota, C. (2010, August 18). Remittance's Ugly Face. *My Republica* .

Sorrentino, C. (1990, March). International Perspective of the Family. *The changing family in international perspective* .

The Social Issues Research Centre. (2008). *Childhood and family life: Socio-demographic changes.*

Vaus, D. d. (2004). *Diversities and Changes in Austrialian Families.*

Wallace, C. (2002). Household Stretegies: their conceptual relevence and analytical scope in social research.